FAQ-Frequently Asked Questions

## पैठारी भनेको के हो ?

कुनै विदेशी मुलुकबाट आफ्नो मुलुकमा मालवस्तु ल्याउने कामलाई पैठारी भनिन्छ ।

## यसको प्रारम्भिक प्रक्रिया के छ ?

व्यापारिक प्रयोजनको लागि वा अन्य कुनै प्रयोजनको लागि मालवस्तु आयात गर्ने भए तोकिएको निकायमा आफ्नो फर्म/कम्पनी/उद्योग दर्ता गर्नु पर्दछ ।

## नेपालमा तेश्रो मुलुकबाट मालवस्तु आयात गर्न के कस्तो प्रक्रिया पूरा गर्नु पर्दछ ?

- व्यापारिक उद्देश्यले आयात गर्न चाहनेको हकमा प्राइभेट÷साझेदारी फर्महरु भए वाणिज्य तथा आपूर्र्ति व्यवस्था विभागमा, कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयमा र उद्योगको हकमा उद्योग विभागमा आफ्नो फर्म, कम्पनी वा उद्योग दर्ता गर्नु पर्दछ ।
- एजेन्सी भै कार्गाेको हकमा वाणिज्य तथा आपूर्र्ति व्यवस्था विभागमा एजेन्सी दर्ता गर्नु पर्दछ ।
- मूल्य अभिवृद्धि करमा दर्ता भएको प्रमाणपत्र भएको हुनुपर्दछ ।
- पैठारी गरिने मालवस्तुको परिमाण र मूल्य लगायतका विषयमा विक्रीकर्तासंग भएको संझौता पत्र वा प्रोफर्मा विजक हुनु पर्दछ ।
- प्रोफर्मा विजक वा संझौतापत्र सहित संलग्न राखि प्रतीतपत्र खोल्न बैंकमा निवेदन दिनु पर्दछ ।
- बैंकले पनि आफ्नो नियम र शर्त बमोजिम केही रकम धरौटी वा जमानत लिएर तोकिएको शर्त पूरा गरेमा मात्र सामान विक्रेताले विदेशस्थित बैंकबाट भूक्तानी पाउने गरी प्रतीत पत्र खोलिदिन्छ ।
- प्रतीतपत्र विदेशस्थित विक्रेताले प्राप्त गरेपछि मालवस्तु निजले चलान गरिदिन्छ  र यसरी चलान भएको कागजातहरु नेपालको प्रतीतपत्र खोल्ने बैंकमा प्राप्त भएपछि प्रतीतपत्रमा उल्लेख भएको विदेशी मुद्रा बरावरको नेपाली रुपैया प्रतीतपत्र खोल्ने पार्टीले बैंकमा बुझाउनु पर्दछ ।
- प्रतीतपत्र खोल्ने बैंकले वि.वि.नि. फाराम ४ सहितको कागजातहरु प्रमाणित गरी मालवस्तु आयात हुने भन्सार विन्दुमा सिलवन्दी गरी पठाउँदछ ।
- यिनै कागजात संलग्न गरी भन्सार प्रज्ञापनपत्र सम्वन्धित भन्सार कार्यालयमा पेश गरेपछि/दर्ता गरेपछि/सम्प्रेषण गरेपछि मालवस्तुको भन्सार जाँचपास प्रक्रिया शुरु हुन्छ ।
- पैठारी मालवस्तुमा नियमानुसार लाग्ने महसुल, कर, शुल्क बुझाएपछि मात्र भन्सारबाट आफ्नो सामान लैजान पाउने कानूनी व्यवस्था छ ।
- भन्सार जाँचपासको प्रक्रिया पूरा गरी मालवस्तु जाँचपास गराउने कार्य माल धनी स्वयंले वा निजले अख्तियारी गरेको भन्सार एजेण्टले मात्र गर्न पाउने व्यवस्था छ ।

## तेश्रो मुलकबाट पैठारी गरिएका व्यापारिक प्रयोजनको मालवस्तुको सन्दर्भमा भन्सार विन्दुमा पेश गर्नु पर्ने कागजातहरु के के हुन् ?

ती कागजातहरु हुन्

क) प्रज्ञापन पत्र

ख) विजक

ग) प्याकिङ्ग लिष्ट

घ) विल अफ लेडिङ्ग वा एयर वे विल

ङ) स्थलमार्गको हकमा पैठारी हुँदा सि.टि.डि.

च) बैंकिङ्ग कारोवारको कागजात (प्रतीतपत्र/टी.टी./ड्राफ्ट)

छ) विमाको कागजात

ज) उत्पत्तीको प्रमाणपत्र

झ) फर्म वा कम्पनी दर्ता प्रमाणपत्र

ञ) उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र

ट) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र

ठ) भन्सार एजेण्ट नियुक्ति गरेकोमा सो को कागजात

ड) हवाई मार्गको हकमा सम्वन्धित एयरलाइन्सको डेलिभरी अर्डर (डि.ओ.)

ढ) सवारी साधनको हकमा Type Approval (TA) / Conformity of Production (COP) को प्रमाणपत्र

ण) रासायनिक मल पैठारीमा मान्यता प्राप्त सर्भेयरको लोड÷अनलोड पोर्टको प्रमाणपत्र

त) रसायनको हकमा विश्लेषण प्रतिवेदन

थ) इजाजतपत्र लिएर मात्र पैठारी गर्नु पर्नेको हकमा त्यस्तो इजाजतपत्र

द) कुनै निकायको सिफारिसमा पैठारी गर्न पाउनेको हकमा त्यस्ता निकायको सिफारिस पत्र

ध) नेपाल सरकारको निर्णयले पूर्ण वा आंशिक महसुल छुट दिइएकोमा त्यस्तो छुट दिएको पत्र

न) बैंक ग्यारेन्टी प्रक्रिया अन्तर्गत पैठारी गरिएको हकमा नेपाल राष्ट्र बैंकबाट स्वीकृति प्राप्त बैंक वा वित्तीय संस्थाबाट जारी बैंक ग्यारेन्टी सम्बन्धी कागजात

प)बण्डेड वेयर हाउस अन्तर्गत पैठारी गरिएकोमा वण्डेड वेयर हाउसको इजाजत पत्र

## तेश्रो मुलुकमा/बाट मालवस्तु निकासी वा पैठारी गर्न पाइने भन्सार कार्यालयहरु कुन कुन हुन?

क.मेची ख.बिराटनगर ग.सुख्खा बन्दरगाह घ.बीरगन्ज ङ.भैरहवा च.नेपालगन्ज छ. कैलाली ज.तातोपानी र झ.त्रिभुवन विमानस्थल

## सुन चाँदी पैठारी सम्बन्धमा कुनै विशेष प्रक्रिया छ कि ?

- कच्चा सुन बाणिज्य बैंकहरुले मात्र प्रतिदिन १५ किलोमा नवढ्ने गरी पैठारी गर्न पाउँछन् । अरुले पैठारी गर्न मिल्दैन।
- चांदी, अन्य सामान्य प्रक्रिया बमोजिम पैठारी गर्न पाइन्छ । यसमा व्यापारिक फर्महरुले पनि पैठारी गर्न सक्दछन् ।

## सुन पैठारी गर्दा के कति भन्सार महसुल लाग्दछ ? मू.अ. कर लाग्छ । लाग्दैन ?

कच्चा सुन पैठारी गर्दा प्रति दश ग्राम चारहजार दुइसय रुपैया भन्सार महसुल  लाग्दछ । यसमा मू.अ. कर लाग्दैन ।

**चांदी पैठारी गर्दा भन्सार महसुल के कति पर्छ ? मू.अ. कर लाग्छ । लाग्दैन ?**

चांदी पैठारी गर्दा प्रति किलो पाँच हजार छ सय भन्सार महसुल लाग्दछ । मू.अ.कर लाग्दैन ।

**हिरा पैठारी गर्ने प्रक्रिया के हो ?**

हिरा पैठारी गर्ने विशेष छुट्टै प्रक्रिया नतोकिएकाले पैठारी गर्दा अपनाउनु पर्ने सामान्य प्रक्रिया अनुसार नै पैठारी गर्न सकिन्छ ।

**हिरा पैठारी गर्दा के कति भन्सार महसुल तिर्नु पर्दछ ? मू.अ. कर पनि लाग्दछ कि ?**

हिरा पैठारी गर्दा मूल्यको एक प्रतिशत मात्र भन्सार महसुल लाग्दछ मू.अ. कर लाग्दैन ।

**हिरा वाहेकका वहुमूल्य पत्थरहरु पैठारी गर्दा भन्सार दर के कसरी तिर्नु पर्दछ ? यसमा मू.अ. कर लाग्दछ कि लाग्दैन ?**

अन्य वहुमूल्य पत्थरहरुमा पनि मूल्यको एक प्रतिशत भन्सार महसुल लाग्दछ र मू.अ. कर लाग्दैन ।

**विदेशमा काम गर्दा आफूmले प्रयोग गरेको सवारी साधन नेपाल फर्कंदा के कस्तो प्रक्रिया पुर्याई ल्याउनु पर्दछ ?**

विदेशस्थित नेपालको कुटनीतिक नियोगमा काम गरी फर्केका व्यक्तिले आफूmले विदेशमा प्रयोग गरेको सवारी साधन वातावरण विज्ञान तथा प्रविधि मन्त्रालयको सिफारिशमा ल्याउन पाइन्छ । सो वाहेकका नेपाली नागरिकले विदेशमा प्रयोग गरेको सवारी साधन नेपालमा ल्याउन पाइंदैन ।

**विदेशबाट सवारी साधनहरु आयात गर्ने व्यवस्था के छ ?**

नेपालमा सवारी साधन आयात गर्दा निम्न शर्तहरु पूरा भएको हुनुपर्दछ ।

१. सवारी साधन प्रयोग नगरिएको नयाँ हुनुपर्दछ ।

२. नेपाल सवारी प्रदूषण मापदण्ड, २०६९ अनुसार हुनुपर्दछ ।

३. नेपालमा रहेका सम्बन्धित सवारी साधनको निर्यात कम्पनीको आधिकारिक विक्रेताले मात्र पैठारी गर्न पाउँछ ।

**नेपाल स्थित विदेशी कूटनीतिक नियोगका व्यक्तिहरुले आफूले प्रयोग गरेको सवारी साधन नेपालमा आउँदा लिएर आउन पाउँछन्/पाउँदैनन् ?**

परराष्ट्र मन्त्रालयको सिफारिशमा पछि फिर्ता लैजाने गरी ल्याउन पाउदछन् ।

**विदेशबाट नेपालमा पुराना मालवस्तु आयात गर्न पाइन्छ पाईदैन ?**

पाईदैन । तर उद्योगले आफ्नो प्रयोजनको लागि उत्पादन मितिले १० वर्ष ननाघेको मिल मेसिनरी आयात गर्ने मिल मेशिनरी तथा वैदेशिक अनुदान एबं यन्त्र उपकरण ल्याउन पाउछन |

**पुराना मालवस्तु आयात हुँदा भन्सार मूल्यांकन पद्दतिको कुन विधि आकर्षित हुन्छ ?**

पुराना मालवस्तुको मूल्यांकनमा कारोवार मूल्य लागू गर्न मिल्दैन । भन्सार अधिकृतले मनासिव विधि अपनाई यसको मूल्यांकन गर्दछन् ।

## *भारतबाट हुने पैठारी सम्बन्धमा*

*भारतबाट मालवस्तु पैठारी गर्ने प्रक्रियाहरु के के हुन् ?*

क) प्रतीतपत्र/ टी.टी. /ड्राफ्टको माध्यमबाट

ख) स्थानीय खरिद (लोकल पैठारी) बाट

*भारतमा परिवत्र्य विदेशी मुद्रा भूक्तानी गरी पैठारी गर्दा भन्सार कार्यालयमा के कस्ता कागजातहरु पेश गर्नु पर्दछ ?*

ती कागजातहरु हुन् ः

१) प्रज्ञापनपत्र

२) प्रतीतपत्र/टी.टी. /ड्राफ्ट

३) ARE 1 फाराम

४) विमाको कागज

५) प्याकिङ्ग लिष्ट

६) विल अफ एक्सपोर्ट

७) मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र

८) फर्म वा कम्पनी रजिष्टे«शन प्रमाणपत्र

९) उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र

१०) कुनै निकायको सिफारिसमा मात्र पैठारी गर्न पाउने भए त्यस्तो निकायको सिफारिस पत्र

११) सवारी साधन पैठारी गर्दा TA र COP को कागजात÷प्रमाणपत्र

१२) वि.वि.नि. फाराम ४

१३) भन्सार एजेन्ट नियुक्ति गरेकोमा त्यस्तो नियुक्ति पत्र

*भारतबाट स्थानीय खरिद (लोकल पैठारी) बाट पैठारी गर्दा के कस्ता कागजात पेश गर्नु पर्दछ ?*

१) प्रज्ञापनपत्र

२) भारती मुद्रामा प्रतीतपत्र खोलेको भए सो प्रतीतपत्र

३)		विजक

४)		विमाको कागज

५)		प्याकिङ्ग लिष्ट

६)		ढुवानी कागजात

७)		भारती मुद्राको प्रतीतपत्र हकमा सम्वन्धित बैंकले जारी गरेको वि.वि.नि. फा. ४ (ख)

८)		फर्म वा कम्पनी रजिष्टे«शन प्रमाणपत्र

९)		उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र

१०)		मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र

११)		कुनै निकायको सिफारिसमा मात्र पैठारी गर्न पाउने भए त्यस्तो सिफारिस पत्र

१२)		भन्सार एजेन्ट नियुक्ति गरेकोमा त्यस्तो नियुक्ति पत्र

*अन्य देशमा उत्पादन भई भारतमा आयात गरिएको मालवस्तु पुनः नेपालमा आयात गर्न पाइन्छ । पाईदैन ?*

पाईदैन । भारतमा उत्पादन गरिएको वा भारतमा निर्माण गरिएको मालवस्तु मात्र नेपालमा आयात गर्न सकिन्छ । भारतबाट आयात गरिने मालवस्तु भारतमानै उत्पादन वा निर्माण गरिएको हुनुपर्दछ ।

*भारतबाट नेपालमा आयात गरिएको मालवस्तु अरु मुलुकमा निकासी गर्न पाइन्छ कि,पाईदैन ?*

पाइन्छ । नेपाल र भारतबीच २००९ मा गरिएको बाणिज्य सन्धिले यो व्यवस्था खुला गरेको हो ।

*नेपालमा अन्य मुलुकबाट आयात गरिएको मालवस्तु भारतमा निकासी गर्न सकिन्छ / सकिंदैन ?*

सकिंदैन । नेपालमा उत्पादन वा निर्माण गरिएको मालवस्तु मात्र भारतमा निकासी गर्न पाइन्छ ।

*चीनको स्वशासित क्षेत्र तिब्बतबाट मालवस्तु पैठारी गर्न भूक्तानीको व्यवस्था के हो ?*

१)		प्रतितपत्रको माध्यमबाट

२)		नेपाल राष्ट्र बैंकले व्यवस्था गरेको बैंक ड्राफ्ट तथा नगद परिवत्र्य विदेशी मुद्राको माध्यमबाट

३)		परम्परागत वस्तु विनिमय

४)		चीनसंगको सिमामा ३० कि.मि. सम्म बसोवास गर्ने नागरिकका लागि रु १६००० सम्मको मालवस्तु ।

*बस्तु विनिमयको माध्यमबाट पैठारी गर्न पाइने मालवस्तु के के हुन् ?*

ती हुन्

१)		कच्चा उन

२)		जिवित भेडा च्यांग्रा

३)		नून

४)		चौरी गाई र चौरी गाइको पुच्छर

५)		गलैंचा

६)		जडिवुटी

*वस्तु विनिमयको माध्यमबाट पैठारी गर्दा के कस्ता कागजातहरु भन्सार कार्यालयमा पेश गर्नु पर्दछ ?*

ती कागजपत्रहरु हुन्

१)		प्रज्ञापनपत्र

२)		आफूले निकासी गरेको मालवस्तुको निकासी प्रज्ञापनपत्र

३)		विजक

४)		विमाको कागज

५)		प्याकिङ्ग लिष्ट

६)		ढुवानी कागजात

७)		फर्म वा कम्पनी रजिष्टे«शन प्रमाणपत्र

८)		उद्योगको हकमा उद्योग दर्ताको प्रमाणपत्र

९)		मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र

१०)		भन्सार एजेन्ट नियुक्ति गरेकोमा त्यस्तो नियुक्ति पत्र

*ड्राफ्ट वा टी टी को माध्यमबाट एक पटकमा कति रकमसम्मको मालवस्तु पैठारी गर्न सकिन्छ?*

अमेरिकी डलर ३०००० सम्मको मालवस्तु ड्राफ्ट वा टी टी को माध्यमबाट पैठारी गर्न सकिन्छ ।

*ड्राफ्ट वा टी टी को माध्यमबाट पैठारी गर्दा कुनै निकायको सिफरिस आवश्यक पर्दछ कि ?*

तेश्रो मुलुकको मालवस्तु भारतको पारवहन मार्ग हुदैं ड्राफ्ट वा टी टी को माध्यमबाट पैठारी गर्दा वाणिज्य तथा आपूर्ति व्यवस्था विभागको स्वीकृती लिनु पर्दछ ।

## *मालवस्तु पैठारी गर्दा भन्सार कार्यालयमा जाचँ गराउन कठिनाइ भएमा त्यसको वैकल्पिक व्यवस्था केही छ कि ?*

सर्वप्रथम पैठारी भएको त्यस्तो मालवस्तु भन्सार प्रक्रियाद्धारा विधिवत भित्रिएको वा प्रवेश गरेको हुनु पर्दछ । यसका लागि प्रज्ञापनपत्र भरी आवश्यक कागजात सम्पूर्ण संलग्न गरी सम्वन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्दछ । व्यहोरा मनासिव भएमा भन्सार विभागको महानिर्देशकको पूर्व स्वीकृति लिएर भन्सार क्षेत्र बाहिर सम्बन्धित स्थानमा गई मालवस्तुको जाँचपास गर्न गराउन सक्ने व्यवस्था छ । यसका लागि मालवस्तु जाँच गर्नु पूर्व नै घोषणा गरिएको भन्सार मूल्यमा पचास प्रतिशत थप गरी हुन आउने सम्पूर्ण रकम धरौटीमा राख्नु पर्ने हुन्छ । मालवस्तु जाँचपास गर्दा लाग्ने महसुल भन्दा बढी रकम धरौटीको लिएको भए बढी रकम फिर्ता गरिन्छ । भन्सार क्षेत्र बाहिर गई मालवस्तु जाँचपास गराउँदा प्रति कन्साइन्मेन्ट एक हजार रुपैया शुल्क वापत बुझाउनु पर्दछ र यातायातको साधन प्रयोग गर्नु पर्ने अवस्थामा सम्वन्धित पैठारीकर्ताले नै यसको व्यवस्था मिलाउनु पर्दछ ।

## *विना पैठारी इजाजतपत्र तथा विना प्रतीतपत्र वा भूक्तानी वेगर समुद्रपार मुलुकबाट पैठारी गर्न पाइने वस्तुहरु के के छन् ?*

१)नेपाल सरकारको कार्यालय, सार्वजनिक संस्थान, सामाजिक संस्थान वा प्रतिष्ठानले पैठारी गर्ने वस्तुहरु

२) सम्वन्धित मन्त्रालयको सिफारिसमा नेपालमा संचालित आयोजनाको नाममा पैठारी गरिने संझौतामा उल्लिखित विल अफ क्वान्टिटी बमोजिमका वस्तुहरु

३) कुनै व्यक्ति वा संस्थाले नेपालमा रहेका अशक्त विरामीलाई औषधपोचारको निम्ति उपहार स्वरुप पठाएका आकस्मिक औषधीहरु

४) प्रचार प्रसारको लागि पठाईएका पोष्टर, क्यालेण्डर जस्ता प्रिन्टेड सामग्रीहरु

५) कुनै व्यक्तिले विदेशी सरकार वा अन्तर्राष्ट्रिय संस्थाको निमन्त्रणा, सभा, सम्मेलन, वैठक आदिमा भाग लिई उपहार वा पुरस्कार स्वरुप प्राप्त गरेको अमेरिकी डलर १००० सम्मको वस्तु

६) कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय संघ संस्था, सामाजिक संस्था वा व्यक्तिले सम्वन्धित मन्त्रालयको स्वीकृतिमा नेपालमा नाफा आर्जन गर्ने उद्देश्य नभएका सेवामूलक संघ, संस्थालाई प्रदान गर्ने उपहार, चन्दा, अनुदानका सामानहरु

७) संयुक्त/विदेशी लगानीमा संचालित उद्योगले संझौता बमोजिम पूँजी लगानी वापत पैठारी गरेको मेशीनरी सामान र कच्चा पदार्थहरु उद्योग विभागको सिफारिसमा

८) नेपालमा संचालन भएका आयोजना तथा संयुक्त/विदेशी लगानीमा संझौता अन्तर्गत कार्यरत विदेशी व्यक्ति वा विदेशी लगानीकर्ताले निजी प्रयोजनको लागि पैठारी गरेको सामान सम्बन्धित मन्त्रालयको सिफारिसमा

९) अमेरिकी डलर १००० सम्मको कुनै कम्पनी वा फर्मको चिन्ह अंकित विज्ञापन, लेवल, स्टीकर र नमूना सामाग्रीहरु

१०) विदेशी कम्पनी, संयुक्त लगानीका कम्पनी वा विदेशी एयरलाइन्सका प्रधान कार्यालयले नेपालस्थित प्रतिनिधि कार्यालय, शाखा कार्यालय, वा जनरल सेल्स एजेन्ट (जि.एस.ए.) जस्ता रजिष्टर्ड फर्महरुलाई कार्यालय संचालनको लागि पठाएको अमेरिकी डलर पाँच हजार सम्मका कार्यालय सामानहरु

११) कुनै मित्रराष्ट्र वा अन्तर्राष्ट्रिय वा क्षेत्रीय संघ संस्थाले आफ्नो प्रयोगको लागि पैठारी गरेको अर्थ मन्त्रालयले भन्सार महसुल , मूल्य अभिवृद्धि कर छुट दिएका सामानहरु

*पर्वतारोहण दल वा अध्ययन वा अनुसन्धान दलले पैठारी गर्न पाउने व्यवस्था के छ ?*

पैठारी गर्ने सामानहरुको हकमा सम्बन्धित मन्त्रालयको सिफारिस चाहिन्छ ।

*नेपालको वाटो गरी पर्वतारोहण दलले पुनः अर्को मुलुकमा निकासी गर्न पाउने व्यवस्था के छ ?*

नेपालको वाटो भै पुनः आफ्नो देशमा फिर्ता लैजाने वस्तुहरुको लागि सम्वन्धित मन्त्रालयको सिफारिसमा वाणिज्य तथा आपूर्ति व्यवस्था विभागले ट्रान्जीट सुविधा उपलब्ध गराउँदछ ।

*पर्यटकहरुले आफ्नो साथमा ल्याउने सवारी साधनमा के कस्तो सुविधा प्रदान गरिएको छ?*

पर्यटकहरुले आफ्नो साथमा ल्याउने सवारी साधन कार्नेटको प्रावधान बमोजिम ल्याएमा नेपालमा महसुल नतिरी एक वर्षमा ६ महिनासम्म राख्न सक्ने सुविधा प्रदान गरिएको छ । सो बाहेकको अवस्थामा पर्यटकहरुले एक वर्षमा ३० दिनसम्मको लागि अस्थायी रुपमा सवारी साधन पैठारी गर्न पाउँछन् र त्यस्तोमा सवारी साधन हेरी आर्थिक ऐन बमोजिम दैनिक रुपमा लाग्ने भन्सार महसुल तिर्नुपर्दछ ।

*पर्यटकहरुले आफ्नो साथमा कार्नेअन्तरगत ल्याएका सवारी साधन नेपालमा कसैलाई उपहार दिन वा विक्री गर्न पाइन्छ/पाईदैन ?*

पाईदैन । यस्ता सवारी साधन अनिवार्य फिर्ता लैजानु पर्दछ ।

*पर्यटकले कार्नेअन्तरगत आयात गरेका सवारी साधन तोकिएको समयमा फिर्ता नगरेमा के हुन्छ?*

जफत गरिन्छ ।

*नेपालमा कुनै कामको लागि विदेशबाट यन्त्र औजार एवं उपकरणहरु पछि विदेशमा फिर्ता पठाउने गरी अस्थायी पैठारी गर्न पाइन्छ/पाइदैन ? त्यस्ता मालवस्तुमा महसुल लाग्छ लाग्दैन ?*

विदेशबाट कुनै खास कामको लागि अस्थायी रुपमा विदेशबाट यन्त्र औजार एवं उपकरणहरु आयात गर्न पाइन्छ । यसरी पैठारी गर्दा कुनै मन्त्रालय वा दूतावासले सिफारिश गरेको छ भने तीन महिनासम्मको लागि महसुल लाग्दैन । यस्तो सिफारिश नभएको खण्डमा लाग्ने कर महसुल धरौटीमा राखी एक वर्षसम्मको लागि ल्याउन पाइन्छ । तोकिएको समयभित्रै फिर्ता गरेमा धरौटी रकम पुरै फिर्ता हुन्छ ।

*कुनै विदेशी मुलुकबाट मालवस्तु आयात गरी सोही रुपमा विदेशमा पठाउन सकिन्छ कि सकिंदैन यसरी पठाउँदा के कस्तो प्रक्रिया अपनाउनु पर्दछ र महसुल कति लाग्दछ ?*

विदेशी मुलुकबाट आयात गरेको मालवस्तु सोही रुपमा भारत वाहेक अन्य मुलुकमा निकासी गर्न सकिन्छ । यसरी निकासी गरिने मालवस्तु पैठारी गर्दाकै अवस्थामा भन्सार कार्यालयमा सो व्यहोरा उल्लेख गरी निवेदन दिनु पर्दछ । सो निवेदनको आधारमा भन्सार कार्यालयले धरौटीमा जाँचपास गर्दछ । पैठारी गरेको मितिले ६ महिनाभित्र विदेश निकासी गरेपछि भन्सार कार्यालयले लाग्ने भन्सार महसुलको दश प्रतिशत कटाई बाँकी कर महसुल फिर्ता दिन्छ । तर, मिल मेशिनरी र कच्चा पदार्थहरु यस प्रावधान बमोजिम निकासी गर्न मिल्दैन ।

### *विदेशी मुलुकमा हुने मेला प्रदर्शनीको लागि मालवस्तु लिएर जाँदा के कस्तो प्रक्रिया अवलम्बन गर्नु पर्दछ ?*

मेला वा प्रदर्शनी कुन देशमा कहिलेदेखि कहिले सम्म हुने हो भन्ने विषयको आधिकारिक जानकारीको लागि निकासी तथा व्यापार प्रबद्र्धन केन्द्रको सिफारिश सहित सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्दछ । यसरी निवेदन दिए पछि सम्बन्धित भन्सार कार्यालयले निकासी गर्दा लाग्ने महसुल धरौटीमा लिई निकासी गर्न दिन्छ । यस्ता मालवस्तु मेला प्रदर्शनीमा विदेशमा विक्री गरेमा सोको विदेशी मुद्रा आर्जन गरेका प्रमाण भन्सारमा पेश गर्नुपर्दछ । विक्री नभइ बाँकी रहेका मालवस्तु मेला वा प्रदर्शनी समाप्त भएको मितिले ३० दिनभित्र फिर्ता ल्याउनु पर्दछ । सो अवधि भित्र फिर्ता नल्याएमा पछि नयाँ मालवस्तु पैठारी गरे सरह महसुल लाग्दछ ।

### *मेला वा प्रदर्शनीको लागि त्रिभुवन विमानस्थल भन्सार कार्यालयबाट लगेको मालवस्तु पछि बीरगञ्ज भन्सार कार्यालयबाट फिर्ता ल्याउन पाइन्छ पाईदैन ?*

पाईदैन । जुन भन्सार कार्यालयबाट निकासी गरेको हो सोही भन्सार कार्यालयबाट पैठारी गर्नु पर्ने व्यवस्था भन्सार नियमावली, २०६४ ले गरेको छ ।

### *मालवस्तु पैठारी वा निकासी गर्दा प्रज्ञापन पत्र भर्न नपर्ने कुनै मालवस्तु छन् कि ?*

छन् । नेपाल वाहिर जाने र विदेशी मुलुकबाट नेपाल भित्र आउने यात्रुको साथमा रहेको गुण्टाझिटी भारीमा रहेका मालवस्तु मध्ये नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी भन्सार महसुल नलाग्ने भनी तोकेको मालवस्तुको प्रज्ञापनपत्र भर्न पर्दैन ।

### *कुनै मालवस्तु विदेशमा मर्मत गर्न लैजाँदा के कस्तो प्रक्रिया अवलम्बन गर्नु पर्दछ ?*

मर्मत गर्न लैजाने मालवस्तुको पूरा विवरण प्रज्ञापनपत्रमा भरी सम्बन्धित भन्सार कार्यालयमा पेश गर्ने र भन्सार अधिकृतले सो मालवस्तु हवाईजहाज वा हेलिकप्टर वा तिनका पार्टपूर्जा भएमा मूल्यको ०.५ प्रतिशत र अन्य मालवस्तुमा मूल्यको ५ प्रतिशत धरौटी लिई मर्मत गर्न लैजान दिने व्यवस्था छ ।

### *मर्मत गर्न लगेको मालवस्तु कति समयमा फिर्ता ल्याउनु पर्दछ ? भन्सार महसुल लाग्छ लाग्दैन ?*

तीन महिनाभित्र फिर्ता ल्याउनु पर्छ । तोकिएको समयमा मर्मत गरी फिर्ता ल्याएमा मर्मत खर्चलाई मूल्य मानी त्यसमा नियमानुसारको कर एवं महसुल लिई पहिला धरौटी राखेको रकम वढी भएमा फिर्ता दिइन्छ ।

### *मर्मत गर्न लगेको मालवस्तु मर्मत गर्न वढी समय लाग्ने भई तीन महिनाभित्र फिर्ता गर्न नसकिएमा म्याद थप गर्न पाइने केही व्यवस्था छ कि ?*

छ । तीन महिनाको अवधिले नपुगेमा भन्सार कार्यालयले अर्को तीन महिना म्याद थप गर्न सक्छ र सो पनि नपुगेको खण्णडमा विभागको स्वीकृति लिई भन्सार अधिकृतले आवश्यक म्याद थप गर्न सक्छ ।

### *मर्मत गर्न लगेको मालवस्तुको म्याद नाघेको र म्याद थप नभएको अवस्थामा के हुन्छ ?*

पहिले राखेको धरौटी जफत हुन्छ र नयाँ मालवस्तु पैठारी गरे सरह महसुल लाग्दछ ।

*भन्सार कार्यालयबाट जाँचपास भएको मालवस्तु बाटोमा अन्य निकायले पुनः जाँच गर्न पाउँछ/पाउँदैन ?*

राजस्व चुहावट सम्बन्धी प्रचलित कानून बमोजिम अनुसन्धान गर्न अधिकार प्राप्त अधिकारी बाहेक अर्थ मन्त्रालय वा भन्सार विभागका महानिर्देशकको पूर्व स्वीकृति नलिई अन्य निकायले खोल्न हेर्न र जांच्न पाउँदैन ।

## *पैठारीमा पूर्ण वन्देज, परिमाणात्मक वन्देज लागेका तथा स्वीकृति पत्रको आधारमा पैठारी गर्नुपर्ने मालवस्तुहरु*

*पैठारीका लागि पूर्ण वन्देज लागेका वस्तुहरु के के हुन् ?*

१) गाँजा, चरेश, अफिम, मर्फिन जस्ता स्वास्थ्यको निम्ति हानिकारक लागू तथा मादक पदार्थ

२) गोमांस

३) नेपाल राजपत्रमा समय समयमा सूचना प्रकाशन गरी नेपाल सरकारले तोकिएको हानिकारक एजो रंगहरु

४) प्लाष्टिकका झुत्राहरु र २० माइक्रोन भन्दा कम मोटाइका प्लाष्टिकका झोला तथा शीट

५) बढी कार्वन फाल्ने इन्क्याण्डिससेन्ट लाइट वल्वहरु

६) अन्य प्रचलित कानून बमोजिम वन्देज गरिएका वस्तुहरु

७) स्ट्रकलेक्टर वा वेलर बिनाको कम्बईन्ड हार्भेस्टर

*इजाजत वा स्वीकृतिपत्रको आधारमा पैठारी गर्न सकिने वस्तुहरु के के हुन् ?*

१) गृह मन्त्रालयको सिफारिसमा लागू तथा मनोद्दिपक औषधी र सो को सहायक रसायन

२) गृह मन्त्रालयको सिरफारिसमा हात हतियार, विष्फोटक पदार्थहरु, विष्फोटक पदार्थहरु बनाउन चाहिने आवश्यक सामानहरु, वन्दुक र वन्दुकका गोलीहरु, कागज वाहेकका केपहरु र अन्य विष्फोटक पदार्थ तथा हातहतियारहरु

३) सूचना तथा संचार मन्त्रालयको सिफारिसमा वायरलेस, वाकीटकी, प्रसारण रिसिभर, लिंक रेडियो उपकरण जस्ता रेडियो उपकरण र अन्य यस्तै शब्दवाहक, संवादवाहक, दृश्यवाहक, तथ्याङ्कवाहक, रेडियो यन्त्रहरु

*पैठारीमा परिमाणात्मक वन्देज लागेको वस्तु के के हुन्?*

पोस्तादानालाई मात्र पैठारीमा परिमाणात्मक वन्देज लगाईएको छ ।

*पोस्तादाना पैठारी गर्न के गर्नु पर्दछ ?*

वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट इजाजतपत्र लिनु पर्दछ ।

*कुनै मालवस्तु निश्चित निकाय वा संस्थाले मात्र आयात गर्न पाउने गरी तोकिएको छ ?*

यसमा आयोडिन युक्त नूनको लागि साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड र पेट्रोलियम पदार्थहरु (पेट्रोल, डिजेल, मट्टितेल, हवाई इन्धन र एल.पी. ग्यास) को हकमा नेपाल आयल निगम लिमिटेडलाई तोकिएको छ ।

*के कस्ता वस्तुहरु नेपालबाट निकासी गर्न पूर्ण वन्देज लगाईएको छ ?*

क) पूरातात्विक, ऐतिहासिक तथा धार्मिक महत्वका वस्तुहरु

१) विदेशी तथा स्वदेशी सिक्का

२) देवी देवताको मूर्ति, ताडपत्र, तथा भोजपत्र

३) पौवा

ख) वन्यजन्तुहरु

१) स्तनधारी मा २६ वन्यजन्तुहरु समावेश गरिएका छन्

२) पंक्षीमा ९ किसिमका पंक्षीहरु समावेश गरिएका छन्

३) घस्रने जातका जन्तुहरुमा ३ थरी अजिङ्गर, घडियाल गोही, सुन गोहोरो पर्दछन् ।

ग) आखेटोपहार

(अति संकटापन्न वा संकटापन्न वन्यजन्तुको मृत शरीर वा शरीरको चिन्न सकिने अवस्थामा रहेको कुनै अंश वा अंग वा शरीरको कुनै पदार्थ वा त्यस्तो पदार्थको समीश्रणबाट बनेको वा तयार भएको कुनै पनि वस्तुलाई भनिएको हो)

घ) मादक तथा लागू पदार्थ

(गाँजा, अफिम, चरेस लगायत संयुक्त राष्ट्र संघको लागू औषध तथा मनोद्दीपक पदार्थको ओसार पसार विरुद्ध सन् १९८८ महासन्धी र लागू औषध सम्बन्धमा सन् १९६१ मा भएको एकल महासन्धीद्धारा परिभाषित गरिए बमोजिमका मादक तथा लागू पदार्थ पर्दछन्)

ङ) विष्फोटक तथा खरखजानाका वस्तुहरु

१) विष्फोटक पदार्थ र त्यसलाई चाहिने फ्यूज वा फ्यूजको लागि चाहिने वस्तु

२) जंगी खरखजाना तयारीको लागि चाहिने पदार्थहरु

च) औद्योगिक मेशिनरी, पार्टपूर्जा तथा कच्चा पदार्थ

१) काँचो छाला

२) कच्चा उन तथा जंगली जीवजन्तुको रौं

३) औद्योगिक मिल मेशिनरीहरु र सो को पार्टपूर्जाहरु

छ) वन पैदावार वस्तुहरु

१) पाँच औंले र ओखरको रुखको वोक्रा

२) सम्वन्धित निकायको स्वीकृत वेगर र विना प्रशोधनका जडिवुटीहरुमा

क) जटामसी

ख) सर्पगन्धा

ग) सुगन्धवाल

घ) झ्याउ

ङ) तालीसपत्र

च) लौठ सल्ला

छ) सुगन्ध कोकिला

३) गोलिया तथा चिरान काठमा

क) साल

ख) सतिस साल

ग) विजय साल

घ) ओखर

ङ) जंगली सिसौ

४) प्रशोधन नगरिएको शिलाजित

&nbs

## *काठको हकमा कुन कुन वन पैदावार निकासी गर्न सकिन्छ ?*

आफ्नो निजी जग्गामा उत्पादन गरिएको सिसौ (जंगली सिसौ वाहेक), टिक, युकालिप्mटस्को गोलिया तथा काठ जिल्ला वन कार्यालयको सिफारिसमा निकासी गर्न पाइन्छ ।

## *के रक्तचन्दन, सुनगाभा/ जिवन्ती निकासी गर्न सकिंदैन ?*

संकटापन्न वन्यजन्तु तथा वनस्पतिको अन्तर्राष्ट्रिय व्यापार सम्वन्धी महासन्धी जसलाई छोटकरीमा (साइटिस) भनिन्छ सो को अनुसूचिमा सूचिकृत वनस्पतीहरुको हकमा साइटिस महासन्धीको प्रावधान अनुसार गर्नु पर्ने हुन्छ । त्यसैले यी वनस्पति साइटिसको आधिकारिक प्रमाणपत्रविना निकासी वा पैठारी गर्न पाइदैन ।

### *उद्योगले पैठारी गरेको मिल मेशिनरी कस्तो अवस्थामा निकासी वा विदेशमा विक्रि गर्न सकिन्छ?*

१) आयात गरिएको मिल मेशिनरीहरु सो उद्योगको प्रयोगमा नआउने भएमा

२) उद्योग नै बन्द गरेमा

### *मिल मेशिनरी निकासी प्रक्रिया के के हो ?*

उद्योग विभागको सिफारिस लिई दुई पक्षीय सन्धीमा प्रतिकूल असर नपर्ने भए मात्र निकासी गर्न मिल्दछ । यसको मतलव तेश्रो मुलुकबाट आयात गरेका मिल मेशिनरी भारतमा निकासी गर्न मिल्दैन ।

### *जुनसुकै मुलुकबाट मालवस्तु पैठारी गरेपनि एउटै दरले भन्सार महसुल लाग्दछ ?*

भारत, चीनको तिव्वत र सार्क मुलुकहरुबाट पैठारी गरिने मालवस्तुको सम्बन्धमा केही छुट प्रदान गरिएको छ । यस्तो छुट आर्थिक ऐनमा व्यवस्था भए बमोजिम प्रदान गरिन्छ ।

### *भन्सार कार्यालयमा के कस्ता माल वस्तुको कति दरमा राजस्व तिर्नुपर्छ भनी कसरी थाहा पाउने ?*

नेपाल सरकारले जारी गरेको आर्थिक ऐन/आर्थिक अध्यादेशबाटनै यस्तो दरवारे थाहा पाउन सकिन्छ। यसमा कुनै मालवस्तुको निकासी/पैठारीमा के कति भन्सार महसुल दर छ र त्यसमा लाग्ने अरु महसुल, कर शुल्क के कति छ भन्ने कुरा पनि उल्लेख भएको हुन्छ। यस्तो सूचना नेपाल राजपत्रमा प्रकाशित हुन्छ र भन्सार विभाग वा भन्सार कार्यालयहरुबाट पनि यस्तो सूचना प्राप्त गर्न सकिन्छ।

### *पैठारीमा भन्सार महसुल पूर्ण छुट हुने वस्तुहरु के के हुन् ?*

निम्न मालवस्तुमा भन्सार महसुल पूर्ण छुट हुन्छ :

- रेशम किराको फुल
- खाने नुन
- विद्युत शक्ति
- सिथ कन्ट्रासेप्टिभ्स (गर्भ निरोधक)साधन र गर्भ निरोधक औषधिहरु ।
- पुस्तक, समाचार पत्र, पत्रिका
- वेर्न हुने किसिमको रेशमको कोया
- नफड्केको वा नकोरेको ऊन
- नफड्केको वा नकोरेको कपास
- कपासको अवशेष, धागोको अवशेष र गार्नेटेड स्टक समेत
- फड्केको वा कोरेको कपास

ख) P.O.Y उत्पादन गर्ने उद्योगले पैठारी गर्ने PET CHIPS

ग) मलखाद

घ) सिन्दुर, चुरा, टीका र टीकुली

ङ) जुट उद्योगले पैठारी गर्ने कच्चा जुट, नेपाल सरकारले पैठारी गर्ने हुलाक टिकट, पोष्ट कार्ड, हवाई पत्र, राहदानी, अन्त शुल्क टिकट, परम्परागत पात्रो, मुद्रित कितावहरु

च) मु.अ. करमा दर्ता भएका धागो उद्योगहरुले पैठारी गर्ने आंशिक चहकीलो पारिएको धागो र सवै किसिमका मानव निर्मित स्टेपुल फाइवर

छ) विद्युत सोलार वा व्याट्रीबाट मात्र चल्ने तीन पांग्रे वा चार पांग्रे सवारी वा ढुवानी साधन उत्पादन गर्ने गरी दर्ता भएका उद्योगले आफूले उत्पादन गर्ने सवारी वा ढुवानी साधनको उत्पादनमा प्रयोग गर्ने चेसिस, इन्जिन, मोटर र व्याट्री चार्जर

ज) रक्त संचार सेवाको लागि आवश्यक पर्ने नेपाल रेडक्रस सोसाइटीले आयात गर्ने रगत राख्ने प्लाष्टिकका थैला, ट्रान्सफ्यूजन सेट, टेष्टिङ्ग किट्स, रि-एजेन्ट तथा रक्त परीक्षण रि-एजेन्ट निर्माणको लागि आवश्यक पर्ने विभिन्न औजार उपकरणहरु एवं रसायनहरु

झ) दृष्टिविहिनहरुले प्रयोग गर्ने सेतो छडी, स्लेट स्टाइलस, व्रेल नोट टेकर, व्रेलो रङ्ग सूचक, पानी सूचक र प्रकाश सूचक यन्त्रहरु, आवाज दिने थर्मोमिटर, व्रेल टाइप राइटर, व्रेल छडी, एवाकस, मेग्नीफाइङ्ग ग्लास, व्रेल कम्पास, व्रेल पुस्तक व्रेल इम्वोसर, व्रेल स्टेनशिल मेशिन

ञ) अपाङ्ग व्यक्तिहरुले प्रयोग गर्ने ह्वील चेयर, ट्राइसाइकल, बैशाखीहरु, कृत्रिम अंगहरु, हेरिङ्ग एड एवं जुत्ताहरु

नपिनिएको प्राकृतिक क्याल्सियम फोस्फेटहरु

प्राकृतिक वेरियम कार्वोनेट

म्याग्नेसियम, म्याग्नेसिया र अन्य म्याग्नेसियम अक्साइड

चून ढुंगा

कच्चा अभ्रख

प्राकृतिक वोरेट्स

खनिज तत्व अन्यत्र नपरेको

## *मालवस्तु पैठारी हुदाँ विजकमा उल्लेख भए भन्दा कम परिमाणमा पैठारी भएमा त्यस्तो मालवस्तुमा भन्सार महसुल लाग्छ लाग्दैन ?*

विक्रेताले विजकमा उल्लेख भए भन्दा कम मालवस्तु पठाएको यस्तो अवस्थालाई क्जयचत क्जषङभलत भनिन्छ । यसरी कम भइ पैठारी भएका मालवस्तुको सम्बन्धमा भारतको वन्दरगाहस्थित कस्टम्स कमिश्नरले सो व्यहोरा ऋत्म् मा उल्लेख गरी प्रमाणित गरिदिएको हुनुपर्दछ । यस्तो मालवस्तु पैठारी गर्दा सुरुमा लाग्ने महसुल धरौटीमा राखी छुटाउनु पर्दछ । पछि वीमा रकम प्राप्त गरेको प्रमाण पेश गरेपछि अर्थ मन्त्रालयले निर्णय गरी महसुल छुट दिन सक्दछ ।

*विक्रेताबाट मालवस्तु पूरा शिपमेन्ट भै आएको तर बाटोमा हराए वा दुर्घटना परी कम पैठारी हुन आएको अवस्थामा भन्सार महसुल लाग्छ लाग्दैन ?*

भन्सार ऐन मा भएको व्यवस्था पालना भएको अवस्थामा महसुल नलाग्ने व्यवस्था छ |

*पछि फिर्ता लैजाने गरी अस्थायी रुपमा पैठारी भएका मालवस्तु नेपालमा लाग्ने महसुल तिरी राख्न पाइन्छ, पाइदैन ?*

१. कार्ने अन्तरगत आयात भएको सवारी साधनहरु र महसुल तिरी अस्थायी पैठारी भएका विदेशी दर्ताका सवारी साधनहरु महसुल तिरी स्थायी रुपमा नेपालमा राख्न पाईदैन । विदेशी कुटनीतिक नियोगहरुले पछि फिर्ता लैजाने गरी अस्थायी रुपमा पैठारी गरेका पुराना सवारी साधनहरु पनि नेपालमा महसुल तिरी राख्न पाइदैन ।

२. द्धिपक्षीय संझौता अन्तर्गत आयोजना वा ठेकेदारका नाममा पछि फिर्ता लैजाने गरी आयात भएका सवारी/ढुवानी साधनहरु, मिल मेशिनरी एवं उपकरण र औजारहरु, तथा मेला प्रदर्शनी एवं हाटबजारको लागि ल्याइएका मालसामानहरु नेपालमा तोकिएको अवधि भित्रै नियमानुसारमहसुल तिरी राख्न वा विक्री गर्न पाइन्छ ।

*महसुल तिरी अस्थायी पैठारी गर्दा सवारी साधनहरुमा के कति महसुल लाग्दछ र नेपालमा कति अवधिसम्म राख्न सकिन्छ ?*

१) कार, जीप, र भ्यानमा दैनिक रु.४००

२) बस, मिनीबस लगायत टुरिष्ट गाडीमा दैनिक रु. ४००

३) मोटर साइकाल र स्कुटरमा दैनिक रु. १००

४) तीन पांग्रे सवारी साधनमा दैनिक रु. ३००

यस प्रकार महसुल तिरी पैठारी भएका सवारी साधनहरु एक वर्षमा तीस दिन भन्दा बढी नेपालभित्र राख्न पाइदैन ।

*सिमावर्ती नजिकको बजारसम्म ल्याउने सवारी साधनहरु सम्बन्धमा केही सहुलियत छ कि?*

नजिकको बजारसम्म पुगी सोही दिन फर्कने भएमा कुनै महसुल लाग्दैन । यसका लागि भन्सार विन्दुमा दर्ता गराइएको कागजात अनिवार्य रुपमा हुनु पर्दछ ।

*काठमाडौं - दिल्ली झैं संचालन भएका यात्रुवसको हकमा के कति महसुल लाग्दछ ?*

दुई देश वीच भएको संझौता वा सहमति बमोजिम संचालन गरिएका यात्रु वाहक वस तथा मिनीबसहरुको सम्बन्धमा संझौता/सहमतिमा तोकिए बमोजिम नै हुन्छ ।

*नेपालमा मालवस्तुहरुको परिवहनको लागि आएका ट्र्याक्टर वाहेकको खाली ढुवानी साधनमा कति महसुल लाग्दछ ?*

प्रतिदिन एकहजार पाँचसय रुपैयाँका दरले भन्सार महसुल लिई एकपटकमा सातदिनको अवधिको लागि अस्थायी पैठारी गर्न दिन सकिने व्यवस्था छ ।

*विदेशबाट मालवस्तु लोड भै आएको ढुवानी साधन एवं कन्टेनर ट्रेलरमा कति महसुल लाग्दछ ?*

मालवस्तु लोड भै आएका यस्ता ट्रक एवं कन्टेनर ट्रेलरलाई गन्तव्य स्थलमा मालसामान अनलोड गरी भन्सार विन्दुमा प्रवेश गरेको ७२ घण्टा भित्र रित्तो फर्केमा कुनै महसुल लाग्दैन । यसैगरी भन्सार क्षेत्रभित्र रहेको मालवस्तु लोड गर्न आएको रित्तो कन्टेनर ट्रेलरका हकमा पनि ७२ घण्टा भित्रै फर्केमा कुनै महसुल लाग्दैन । तर भन्सार क्षेत्र वाहिरबाट मालवस्तु लोड गरी ४८ घण्टा भित्रै फर्केमा एक दिनको मात्र अस्थायी पैठारी महसुल लाग्दछ ।

*तोकिएको समयावधिमा फिर्ता नभएकाको हकमा के हुन्छ ?*

जफत हुन सक्छ । तर मनासिव कारण भएमा सवारी साधनको मूल्यमा नवढ्ने गरी बढी बसेको अवधिको हकमा मोटरसाइकलमा प्रतिदिन एक हजार रुपैयाँ र अरु सवारी साधनमा दैनिक दुइ हजारका दरले महसुल लिई  सम्बन्धित भन्सार कार्यालयका प्रमुखले छाड्न सक्दछ ।

*मालवस्तु लोड भै आएका ट्रक एवं कन्टेनर ट्रेलरहरु बन्द, हड्ताल आदि कारणले तोकिएको समयावधि भित्र फिर्ता हुन नसकी रोकिन गएको हकमा के हुन्छ ?*

बन्द, हडताल, दैवी प्रकोप, दुर्घटना जस्ता कारणले ७२ घण्टा भित्र फिर्ता हुन नसकेकोमा  भन्सार प्रमुखले बढीमा अर्को तीन दिनसम्मको म्याद थप दिन सक्ने र थप दिइएको अवधिको महसुल नलाग्ने व्यवस्था छ ।

*ट्र्याक्टर र ट्रेलरको अस्थायी पैठारी सम्बन्धी के कस्तो व्यवस्था छ ?*

अस्थायी पैठारी गरिने ट्र्याक्टरमा दैनिक तीन सयका दरले महसुल लाग्दछ । ट्रेलर फिट भएको ट्र्याक्टर वा ट्रेलर मात्र अस्थायी पैठारी गरी ल्याएमा दैनिक ६ सयका दरले महसुल लाग्दछ । तर मालसामान लोड भै आएको हकमा ४८ घण्टा भित्र रित्तै फर्किएमा महसुल लाग्दैन ।

*अस्थायी पैठारी गरिने यस्ता ट्र्याक्टर र ट्रेलरलाई कति दिन सम्म नेपालमा राख्न सकिन्छ ?*

तीस दिन भन्दा बढी नेपालमा राख्न पाइदैन । राखेमा जफत हुन सक्छ ।

*मालवस्तु छुटाउँदा माल धनी स्वयं भन्सार कार्यालयमा उपस्थिति हुनु पर्दछ कि कुनै प्रतिनिधिको माध्यमबाट पनि आफ्नो मालवस्तु छुटाउन सकिन्छ ?*

मालवस्तु धनीको प्रतिनिधि भई भन्सार कार्यालयबाट निकासी/पैठारी सम्बन्धी कार्य गर्न भन्सार विभागबाट भन्सार एजेण्टको इजाजत लिएका फर्म वा व्यक्तिहरु हुन्छन् । ती व्यक्तिहरुलाई भन्सार एजेन्ट भनिन्छ । भन्सार एजेन्टलाई नियुक्ति गरी आफ्नो मालवस्तु छुटाउने कार्य गराउन सकिने भएकोले माल धनी स्वयं उपस्थित हुन अनिवार्य छैन ।

*निकासी भएको मालवस्तु पुन पैठारी भएमा महसुल लाग्छ/लाग्दैन ?*

हुलाकबाट पठाएको वस्तु बुझाउन नसकि फिर्ता आएमा, विदेशमा पुगिसकेपछि सम्बन्धित व्यक्तिले लिन अस्वीकार गरी फिर्ता आएमा वा दुर्घटना वा प्राकृतिक प्रकोपमा परी गुणस्तर कायम रहन नसकि फिर्ता आएमा महसुल नलाग्ने अन्यथा महसुल लाग्छ ।

*नेपालमा उत्पादन भई विदेशमा निकासी भएको मालवस्तु फिर्ता भएमा सो को कच्चा पदार्थमा दिइएको महसुल छुट असुल गर्नु पर्छ/पर्दैन ?*

निकासी भएको सामान फिर्ता आएमा सो को कच्चा पदार्थमा महसुल छुट दिइएको भएमा असुल गर्नु पर्छ ।

*मालवस्तु भन्सार कार्यालयमा आईपुग्नु अगावै प्रज्ञापन पत्र दर्ता भई सकेको रहेछ र मालवस्तु जाँचपास हुने दिन विनीमय दर वा भन्सार तथा करका दरहरु फरक परेमा प्रज्ञापन पत्र दर्ता गरेको दिनको दर कायम हुन्छ वा जाँचपास गरेको दिनको कायम हुन्छ ?*

कम्प्यूटरमा प्रविष्ट भएको वा प्रज्ञापनपत्र दर्ता भएको मितिमा कायम रहेको दर बमोजिम महसुल तिर्नु पर्छ ।

*नेपालको भूमि भई विदेशी मुलुकको एक ठाउँबाट विदेशी मुलुकको अर्को ठाउँमा महसुल सुविधामा मालवस्तु पारवहन गर्न के गर्नु पर्दछ ?*

यसको लागि भंसार विभागमा कारण सहित आयात हुने र निर्यात हुने भंसार विन्दु र सामानको विवरण सहित निवेदन दिनु पर्दछ । यस्तो निवेदनमा भंसार विभाग सन्तुष्ट भएमा स्वीकृति प्रदान गर्दछ । भंसार विभागले नेपालस्थित सम्बन्धित दूतावास वा कूटनीतिक नियोगको सिफारिस माग्न पनि सक्दछ ।

*कुटनीतिक सुविधा भनेको कस्तो सुविधा हो ?*

कुनै मालवस्तु जाँच नगरी महसुल नलिई लगत मात्र राखि पैठारी गर्न दिइने सुविधालाई कुटनीतिक सुविधा भनिन्छ ।

*महसुल सुविधा भनेको कस्तो सुविधा हो ?*

कुनै मालवस्तु महसुल नलिई जाँच गरी वा नगरी लगतमा राखी पैठारी गर्न दिइने सुविधालाई महसुल सुविधा भनिन्छ ।

*कुटनीतिक सुविधा तथा महसुल सुविधा कसले र कति पाउँछन् ?*

नेपालमा रहेका कूटनीतिक नियोग तथा ती नियोगहरुमा कार्यरत व्यक्तिहरुलाई यो सुविधा दिइन्छ । यस्तो सुविधा कति दिने भन्ने विषयमा भियना सन्धि र पारस्परिकताको आधारमा नेपाल सरकार,परराष्ट्र मन्त्रालयले निर्धारण गरेवमोजिम हुन्छ ।

### *आयोजना वा ठेकेदारका नाममा पैठारी हुने मालवस्तुमा पनि भन्सार छुट हुन्छ ?*

बैदेशिक ऋण वा अनुदान सहयोगमा संचालन गरिने आयोजनाको लागि त्यस्ता आयोजना वा आयोजनाका ठेकेदारका नाममा पैठारी हुने मालवस्तुमा द्धिपक्षीय संझौता बमोजिम पूर्ण वा आंशिक रुपमा भन्सार महसुल छुट पाउँछन् ।

### *विलम्व शुल्क (डेमरेज) भनेको के हो ?*

पैठारी वा निकासी गर्ने मालवस्तु भन्सार कार्यालयले सन्चालन गरेको गोदाममा सात दिन भन्दा बढी राखे बापत बुझाउनु पर्ने विलम्व शुल्क हो ।

### *विलम्व शुल्क (डेमरेज)को दर कति छ ?*

**(क) त्रिभुवन विमानस्थल भन्सार कार्यालयमाः**

सातदिन पछि पहिलो तीस दिनसम्मका लागि प्रतिदिन प्रति के. जी. साठी पैसा, तीस दिनभन्दा बडी साठी दिनसम्म प्रतिदिन प्रति के. जी एक रुपैया र साठी दिनभन्दा बढीको प्रतिदिन प्रति के. जी एक रुपैयाँ चालिस पैसा ।

**( ख) अन्य भन्सार कार्यालयमाः**

सातदिन पछि पहिलो तीस दिनसम्मका लागि प्रतिदिन प्रति के. जी. चालिस पैसा, तीस दिनभन्दा बडी साठी दिनसम्म प्रतिदिन प्रति के. जी साठी पैसा र साठी दिनभन्दा बढीको प्रतिदिन प्रति के. जी असि पैसा ।

### *डेमरेज बुझाउन नसकेमा मिनाह हुन सक्छ कि? यो कसले मिनाह दिन्छ ?*

मनासिव माफिकको कारणभइ समयभित्रै मालवस्तु छुटाउन नसकेको अवस्था विद्यमान भएमा यो रकम मिनाह हुन सक्छ । भन्सार कार्यालयका प्रमुखले बढिमा तीनलाखसम्म यस्तो रकम मिनाह दिन सक्दछन् सो भन्दा वढि मिनाह दिनु पर्ने भएमा महानिर्देशकको स्वीकृती लिनु पर्दछ ।

### *विलम्व शुल्क(डेमरेज) प्रयोजनको लागि तौलको गणना कसरी गरिन्छ ?*

एउटा प्रज्ञापन पत्र वा एउटा कन्साइनमेण्टका सवै मालवस्तुको समष्टिगत तौलको गणना गरिन्छ । तौलमा एक किलोग्राम भन्दा कम वाँकी रहेमा एक किलोग्राम मानी गणना गरिन्छ ।

### *भन्सार गोदाममा रहेको मालवस्तु छुटाईसक्नुु पर्ने अवधि कति हो ?*

भन्सार गोदाममा रहेको मालवस्तु गोदाममा दाखिला भएको मितिले ६० दिनभित्र छुटाउनु पर्दछ ।

### *भन्सार गोदाममा रहेको मालवस्तु ६० दिनभित्र नछुटाएमा के हुन्छ?*

भन्सार कार्यालयले ७ दिन भित्र छुटाई लैजान सूचना दिन्छ । सो सूचनाको म्यादभित्र छुटाई नलगेमा जफत हुन्छ ।

### *कस्तो अवस्थामा भन्सार गोदाममा राखिएको मालवस्तुमा डेमरेज लाग्दैन ?*

मालवस्तुको मूल्याङ्कन, वर्गीकरण, प्रयोगशाला परीक्षण वा अन्य कुनै कारणबाट भन्सार कार्यालयले रोकि राखेको अवस्थामा भन्सार कार्यालयको गोदाममा रहेको मालवस्तुमा विलम्व शुल्क लाग्दैन ।

### *आयोजना वा विदेशी कुटनीतिक नियोगहरु राजदूतावासहरुले आयात गरेको सवारी साधनहरु पाँच वर्षपछि विक्रि गर्दा के कस्तो दरमा महसुल लाग्दछ ?*

भन्सार महसुल छुट वा सुविधा वा वैंक जमानतमा आयात गरेको सवारी साधनहरु पाँच वर्षपछि विक्री गरेमा त्यस्ता मालवस्तुको मूल्यमा ४०.९५१ प्रतिशत ह्रास कट्टी गरी बाँकी मूल्यमा प्रचलित भन्सार दरमा ६० प्रतिशत छुट दिई भन्सार महसुल लाग्दछ । यस्ता सवारी साधनहरुको मूल्य कायम गर्दा आयात हुँदाको मूल्यमा ४०.९५१ प्रतिशत ह्रास कट्टी गरी बाँकी रहने विदेशी मुद्रालाई नेपालीमा परिवर्तन गर्दा कम्प्यूटरमा प्रविष्ट वा प्रज्ञापन पत्र दर्ता भएको दिनमा कायम रहेको विनिमय दर अनुसार गरिन्छ । त्यस्ता सवारी साधनमा दरवन्दी बमोजिम नै अन्तःशुल्क तथा मूल्य अभिबृद्धि कर लाग्दछ ।

### *कुटनीतिक सुविधा, महसुल सुविधामा नेपाल स्थित विदेशी राजदूतावासहरु वा नियोगहरु वा तीनमा कार्यरत व्यक्तिहरुले वा वैदेशिक ऋण तथा अनुदान सहयोगमा सञ्चालित आयोजनाहरुले महसुल छुट वा बैंक जमानतमा आयात गरी नेपालमा ५ वर्ष व्यतित भएपछि विक्री गर्ने सवारी साधनहरुमा भन्सारमा तिर्नु पर्ने कूल राजस्व कति प्रतिशत पर्दछ ?*

पाँच वर्ष पुराना सवारी साधनहरुमा आयात हुँदाको मूल्यमा ४०.९५१ प्रतिशत ह्रास घटाई बाँकी रहने मूल्यलाई कम्प्यूटरमा प्रविष्ट वा प्रज्ञापन पत्र दर्ता भएको दिनको परिवत्र्य दर बमोजिम नेपाली रुपैयामा परिवर्तन गरी भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिबृद्धि कर समेत जम्मा देहाय वमोजिमको प्रतिशतमा राजस्व तिर्नु पर्दछ ः

| सवारी साधन | लाग्ने राजस्व कूल प्रतिकूल |
|---|---|
| कार, जीप र भ्यान | १३८.६६ |
| माइक्रो वस (११–१४ सिट) | ९६.१७ |
| डवल क्याव पिक–अप | १०२.५ |
| सिङ्गल क्याव पि–अप | ८९.८४ |
| मिनिवस (१५–२५ सिट) | ७०.८६ |
| मोटर साइकल र स्कुटर | ७७.१८ |
| वसहरु (२५ सिट भन्दा माथि) र ट्रकहरु, मिनि ट्रकहरु | ३२.८८ |

### *कुनै पैठारीकर्ताले आफुले पैठारी गरेको मालवस्तु भन्सार कार्यालयबाट छुटाई नलगी भन्सारमै छोडेमा महसुल तिर्नु पर्दछ कि पर्दैन ?*

पर्दैन । यस्तोमा भन्सार कार्यालयबाट छुटाई नलग्ने र सो मालवस्तु नेपाल सरकारको हुने गरी पैठारीकर्ताले निवेदन दिनु पर्दछ ।

### *यस्तो मालवस्तु प्रयोगमा आउन नसक्ने वा लिलाम विक्री पनि हुन नसक्ने भए के हुन्छ ?*

त्यस्तो मालवस्तु नष्ट गर्दा लाग्ने खर्च पैठारीकर्ताले व्यहोर्नु पर्दछ ।

## *विदेशी नागरिक वा संघ संस्थाले नेपालका कुनै व्यक्ति वा संघ संस्थालाई दिएको उपहार वा दान दातव्यको मालवस्तु पैठारी गर्ने प्रक्रिया कस्तो छ ? यस्ता मालवस्तुमा भन्सार महसुल कसरी लाग्दछ ?*

विदेशको कुनै नागरिक वा संघ संस्थाले नेपाली व्यक्ति वा संघ, संस्थालाई कुनै उपहार वा दान दातव्य दिएमा त्यसलाई ग्रहण गर्नको लागि नेपाल सरकारको स्वीकृती चाहिन्छ । त्यसको लागि मालवस्तुको मूल्य खुलेको विवरण सहितको उपहार वा दान दातव्य दिने संस्थाले जारी गरेको पत्र सहित स्वीकृतिको लागि अर्थ मन्त्रालयमा पेश गर्नु पर्दछ । अर्थ मन्त्रालयले महसुलमा कुनै छुट दिने निर्णय गरेकोमा वाहेक प्रचलित कानून बमोजिम महसुल लाग्दछ कुनै छुट हुँदैन ।

## *मालवस्तु भन्सार कार्यालयबाट छुटाउँदा भूलवस वढी राजस्व तिरिन गएको रहेछ भने त्यसरी वढी तिरिएको रकम फिर्ता हुन्छ हुँदैन ? त्यस्तो रकम फिर्ता लिन के गर्नु पर्छ ?*

फिर्ता हुन्छ । कुनै मालवस्तु निकासी वा पैठारी गर्दा वढी भन्सार महसुल वा जरिवाना असुल भएको रहेछ भने त्यसरी वढी असुल भएको रकम फिर्ता पाउन मालवस्तु छुटाएको मितिले ६० दिनभित्र सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्दछ । यसरी निवेदन प्राप्त गरेपछि भन्सार अधिकृतले जाँचवुझ गरी वढी असुल भएको देखिएमा पन्ध्र दिनभित्र त्यसरी वढी असुल भएको महसुल फिर्ता दिनुपर्ने व्यवस्था छ ।

## *उद्योगले पैठारी गरेको कच्चा पदार्थ निकासी गर्न पाइन्छ वा पाईंदैन ?*

केही शर्त पूरा गरे पाईन्छ । ती शर्तहरु हुन्

१) पैठारी गरेको कच्चा पदार्थ उद्योगको आफ्नो उत्पादनमा प्रयोग नहुने भए

२) द्धिपक्षीय सन्धीमा प्रतिकूल असर नपर्ने भए

३) उद्योग विभागको सिफारिस भए

## *कुनै उद्योगले पैठारी गरेको मिल, मेशिनरी, कच्चा पदार्थ, पार्टपूर्जाहरु विवरण अनुसार नभएको वा गुणस्तर नमिलेको अवस्थामा के हुन्छ ?*

सोही प्रकारको अर्को ै मालवस्तु पैठारी गर्ने वा सो मालबस्तुको लागि पहिले भुक्तानी पठाएको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा सो मालवस्तुको निकासीकर्तालाई नै फिर्ता पठाउन सकिन्छ ।

## *निकासीमा परिमाणात्मक वन्देज लागेका मालवस्तुहरु छन् छैनन् ?*

देहायका खाद्य वस्तुहरुमा निकासीमा परिमाणात्मक वन्देज लगाइएको छ :

धान, चामल, गहँ , रहरदाल र चिनी (यूरोपेली संघबाट कोटामा प्राप्त हुने वाहेक)

## *हुलाक पुलिन्दाबाट कति मूल्यसम्मको वस्तु निकासी गर्न पाइने व्यवस्था छ ?*

१) स्वीकृत बैंकिङ्ग प्रणाली अन्तर्गत भूक्तानी हुने भए अमेरीकी डलर पाँच हजार मूल्यसम्मको

२) विना बैंकिङ्ग भूक्तानीको हकमा अमेरीकी डलर पाँच सय सम्मको

*अमेरिकी डलर पाँच हजार वा पाँच सय भन्दा बढी मूल्यको वस्तुको हकमा के व्यवस्था छ ?*

यसका लागि वाण्ज्यि तथा आपूर्ति व्यवस्था विभागबाट इजाजत लिनु पर्ने हुन्छ ।

*कुनै अन्तर्राष्ट्रिय प्रतिष्ठित वस्तु उत्पादक कम्पनीको नेपालको वितरक एजेन्सीको हकमा वस्तु निर्यातको व्यवस्था के छ ?*

क्षेत्रगत आधारमा कम्पनीको वितरकको रुपमा तोकिएको नेपाली एजेन्सीले उक्त कम्पनीको वस्तुलाई विना इजाजत सो मुलुकमा निर्यात गर्न पाउने व्यवस्था छ ।

*कस्ता कस्ता वस्तुहरुलाई खुलारुपमा निकासी गर्न सकिन्छ ?*

१) निकासीमा प्रतिवन्ध नलागेका वस्तुहरु

२) निकासी गर्न कुनै निकायको सिफारिस आवश्यक नपर्ने वस्तुहरु

*निकासी प्रयोजनको लागि मालवस्तुको उत्पादनस्थल वा गोदाममा गई भन्सार जाँचपास गरिदिने व्यवस्था छ ?*

छ । यसका लागि प्रथमतः प्रज्ञापनपत्र भरी आवश्यक कागजात संलग्न गरी सम्बन्धित भन्सार कार्यालयमा निवेदन दिनु पर्दछ । व्यहोरा उचित भए भन्सार जाँच गरिदिने व्यवस्था छ । यस प्रकार जाँच गर्दा प्रति कन्सान्मेन्ट एक हजार रुपैया शुल्क वापत बुझाउनु पर्दछ । र यातायातको साधन प्रयोग गर्नु पर्ने भएमा सो को व्यवस्था सम्वन्धित पक्षले नै गर्नु पर्दछ ।

*कारोवार मूल्य भनेको के हो ?*

क्रेताले मालवस्तु खरिद गरे वापत विक्रेतालाई तिरेको वा तिर्नु पर्ने वास्तविक मूल्य हो ।

*कारोवार मूल्यमा के कस्ता खर्चहरु जोडिन्छन् ?*

क) मध्यस्त कर्ता वा दलालको कमिशन

ख) कन्टेनर खर्च

ग) प्याकिङ्ग चार्ज

घ) पैठारी गर्ने भन्सार विन्दुसम्मको ढुवानी खर्च

ङ) पैठारी गर्ने भन्सार विन्दुसम्मको लोडिङ्ग÷अनलोडिङ्ग÷ह्याण्लिङ्ग खर्च

च) पैठारी गर्ने भन्सार विन्दुसम्मको वीमा सम्बन्धी खर्च

छ) अन्य सम्वद्ध खर्चहरु

### *कुनै आयातकर्ताले आयात गरेको मालवस्तुको मूल्याङ्कनको आधार के हो ?*

मालवस्तुको भन्सार मूल्याङ्कन सामान्यतः सोही देशको राष्ट्रिय कानूनका आधारमा गरिन्छ । तर विश्व व्यापार संगठनको सदस्य मुलुकले ध्तइ ले निर्धारण गरेको मूल्याङ्कनका सिद्धान्तहरुलाई आफ्नो राष्ट्रिय कानूनमा भन्सार मूल्याङ्कनको आधारका रुपमा समावेश गर्नु पर्दछ ।

### *WTO को मूल्याङ्कन सिद्धान्तका आधार के के हुन् ?*

१) व्यापार तथा महसुल सम्बन्धी सामान्य संझौता , १९९४ को धारा ७

२) व्यापार तथा महसुल सम्बन्धी सामान्य संझौता, १९९४ को धारा ७ को कार्यान्वयनका लागि भएको संझौता जसलाई छोटकरीमा भन्सार मूल्याङ्कन संझौता भनिन्छ ।

३) उरुग्वे राउण्डको मन्त्रीस्तरीय निर्णय (घोषित मूल्यको सत्यतामा भन्सार प्रशासनलाई शंका लाग्ने कारण भएमा घोषित मूल्यलाई अस्वीकार गर्न सक्ने प्रावधान ।

### *भन्सारमा मालवस्तुको मूल्याङ्कन गर्ने विधिहरु के के हुन् ?*

मूल्याङ्कनको आधार वस्तुको कारोवार मूल्य नै हो । यसमा भन्सार मूल्याङ्कनका ६ वटा विधिहरु छन् । ती हुन् ः

१) कारोवार मूल्य विधि

२) समरुपका मालवस्तुको कारोवार मूल्य विधि

३) मिल्दोजुल्दो मालवस्तुको कारोवार मूल्य विधि

४) डिडक्टिव मूल्य विधि

५) कम्प्युटेड मूल्य विधि

६) मनासिव आधार विधि

### *भन्सार मूल्याङ्कनका विधिहरुको प्रयोग कसरी गरिन्छ ?*

१ देखि ६ सम्म उल्लेख भएका विधिहरु क्रमवद्धतामा राखिएका हुन् । मालवस्तुहरुको कारोवार मूल्यको आधारमा नै मूल्य निर्धारण गर्नु पर्दछ । यो सम्भव नभए दोश्रो विधि अपनाउनु पर्दछ । यी क्रमैसंग तेश्रो देखि छैठौं सम्मको विधि अवलम्वन गर्नु पर्दछ ।

### *यी विधिहरुको क्रमवद्धतालाई उल्टो गर्न सकिदैन ?*

१ देखि ३ सम्मका विधिलाई उल्टाउन सकिदैन तर ४ र ५ विधिको हकमा आयातकर्ताले माग गरे भन्सार अधिकारीले स्वीकृति प्रदान गरेको अवस्थामा मात्र उल्टाउन सक्ने व्यवस्था गरिएको छ ।

### *छैठौं विधिको मनासिव आधार के हो त ?*

यो विधि तत्काल अवस्थामा उत्पन्न भएको परिस्थितिलाई अस्थायी रुपमा निराकरण गर्नको लागि राखिएको हो । यो अन्ततः विधि कारोवार मूल्यनै हो ।

### *कारोवार मूल्य विधि अपनाउनको लागि आवश्यक शर्तहरु के के हुन् ?*

१) मालवस्तुको विल विजक, विक्री संझौता, खरिद आदेश आदि हुनु पर्ने

२) त्यस्तो मालवस्तु निकासी पैठारीका लागि प्रतिवन्धित/निषेधित नभएको हुनु पर्ने

३) निकासीकर्ताले पैठारीकर्तालाई कुनै शर्तका अधिनमा विक्री गरेको हुनु हुँदैन

४) मूल्यमा प्रभाव पार्न सक्ने गरी निकासीकर्ता र पैठारीकर्ता एक आपसमा सम्बन्धित हुनु हुदैन ।

### *कारोवार मूल्यमा समावेश गर्न नपाइने खर्चहरु के के हुन् ?*

१) पश्चगामी छुट वाहेक मूल्यमा दिईएका सवै छुटहरु ।

२) विजकमा उल्लेख गरिएका निम्न खर्चहरु

  क) किस्तावन्दीमा भुक्तानी गर्नका लागि लाग्ने व्याज

  ख) मालवस्तु पैठारी भै सकेपछि लाग्ने ढुवानी, फिटिङ्ग, निर्माण आदिमा लाग्ने खर्च

  ग) पैठारी भएको मुलुकमा लाग्ने कर महसुलहरु

### *पैठारी भएको मालवस्तुको विजक विदेशी मुद्रामा हुने हुँदा मालवस्तुको मूल्याङ्कनको हिसाव कसरी गरिन्छ ?*

विदेशी मुद्रालाई विनिमय दरले हिसाव गरी स्थानीय मुद्रामा परिवर्तन गरिन्छ । यस्तो विनिमय दर अधिकार प्राप्त निकायले प्रकाशित गरेको सूचनालाई आधार मानिन्छ । यो विनिमय दर कुन वेलाको कायम हुने भन्ने विषय मुलुकै पिच्छे फरक फरक छन् ।

### *नेपालको सन्दर्भमा विनिमय दर कसरी कायम गरिन्छ ?*

नेपालको लागि विनिमय दर तोक्ने आधिकारिक संस्था नेपाल राष्ट्र बैंक हो । यसले दिनहुँ विनिमय दरको सूचना सार्वजनिक गर्दछ । नेपालमा मालवस्तु भन्सारमा प्रज्ञापनपत्र दर्ता वा कम्प्यूटरमा प्रविष्टि गर्दाको दिनमा कायम भएको विनिमय दरलाई आधार मानी महसुल लगाइन्छ ।

### *समरुप मालवस्तुहरुको कारोवार मूल्य विधि कस्तो अवस्थामा अपनाइन्छ ?*

कारोवार मूल्यको आधारमा मूल्याङ्कन गर्न सम्भव नभएको अवस्थामा त्यही समयमा या केही अघि पैठारी भएका समरुपको वस्तुको कायम भएको मूल्यलाई आधार मानी भन्सार मूल्य कायम गर्न यो विधि अपनाइन्छ ।

### *मालवस्तु समरुप हुनको निम्ति के कस्ता कुराहरु मिल्नु पर्दछ ?*

१) भौतिक विशेषता, गुण र ख्यातिमा समान हुनु पर्दछ ।

२) एउटै मुलुकमा उत्पादन भएको हुनु पर्दछ ।

३) एउटै उत्पादकले उत्पादन गरेको हुनु पर्दछ ।

*ज्यादै न्यून भिन्नता र अर्कै उत्पादकको मालवस्तुको हकमा के हुन्छ ?*

मालवस्तुको मूल्यमा कुनै असर नपर्ने भएमा यसलाई वीचार गर्न सकिन्छ र एउटै उत्पादकको वस्तुको कारोवार मूल्य नभएमा अरु अवस्था पूरा भएमा भिन्न उत्पादकको मालवस्तुको मूल्यलाई पनि वीचार गर्न सकिन्छ ।

*उस्तै प्रकारको मालवस्तुको कारोवार मूल्य विधि कति वेला अपनाइन्छ ?*

पहिलो विधि कारोवार मूल्य र दोश्रो विधि समरुप विधि अवलम्वन गर्न नसकिएको परिस्थितिमा मात्र यो तेश्रो विधि (उस्तै प्रकारको मालवस्तु) अपनाइन्छ ।

*मालवस्तुलाई उस्तै प्रकारको मान्नको लागि के कस्ता गुणहरु विद्यमान हुनु पर्दछ ?*

१) उस्तै काममा प्रयोग हुने र व्यापारिक दृष्टिकोणले अन्तर परिवर्तनीय

२) एउटै मुलुकमा उत्पादन भएको

३) एउटै उत्पादकद्धारा उत्पादित

माथिको विशेषताहरु मध्ये उत्पादक भिन्नै भए पनि अरु गुणहरु मिलेको खण्डमा उस्तै प्रकारको मालवस्तु मान्न सकिन्छ । मालवस्तुको कार्य, विशेषता, र गुण समान भएमा र व्यापारिक दृष्टिकोणले एक अर्कासंग फरक भए पनि उस्तै प्रकारको मालवस्तुको रुपमा लिन सकिन्छ ।

*Deductive Value Method कति वेला अपनाइन्छ ?*

मूल्याङ्कनको विधि १ देखि ३ सम्मको व्यवस्था अवलम्वन गर्न नसकिएको अवस्थामा यसलाई उपयोग गरिन्छ । यसका लागि पैठारीकर्ताको मुलुकमा विक्री हुने समरुपको वा मिल्दोजुल्दो मालवस्तुको विक्री हुने मूल्यमा निश्चित खर्चहरु घटाएर भन्सार मूल्य कायम गरिन्छ ।

*यसका शर्तहरु के हुन् ?*

१) मालवस्तु आयात हुँदाकै अवस्थामा विक्री गरिएको हुनु पर्ने

२) भन्सार मूल्य कायम गरिने समयको नजिक विक्री गरिएको हुनु पर्दछ

३) एकदमै नजिकको समयको विक्री उपलब्ध नभएको अवस्थामा बढीमा ९० दिनको विक्री समयलाई पनि लिन सकिन्छ ।

४) समरुप वा मिल्दोजुल्दो विक्री नदेखिएमा त्यस्तै/त्यस्तो मालवस्तुको फेरि प्रशोधन गरी विक्री गरेको मूल्यलाई पनि आधार लिन सकिन्छ ।

५) क्रेता र विक्रेता एक आपसमा सम्बन्धित भएका हुनु हुदैन

६) सवैभन्दा बढी संख्यामा विक्री गरिएको इकाई मूल्य लगाउनु पर्दछ ।

*के कस्ता खर्चहरु घटाई मूल्य निर्धारण गरिन्छ ?*

१) विक्री कमिशन मुनाफा र विक्रीको लागि मूल्यमा जोडिने सामान्य खर्चहरु

२) पैठारी भएको मुलुकभित्रको ढुवानी, वीमा र यस्तै प्रकारका खर्चहरु

३) पैठारी वा विक्री गर्दा देश भित्र लाग्ने महसुल एवं करहरु

४)		पुनः प्रशोधन गरी विक्री गरिएको मूल्यलाई लिइएको भए प्रशोधन गर्दा भएको मूल्य अभिवृद्धि

*गणना मूल्याङ्कन पद्दति के हो र कुन अवस्थामा अपनाइन्छ ?*

यो मालवस्तु उत्पादन वा निर्माण गर्न लागेको लागतको आधारमा मूल्य कायम गर्ने विधि हो । १ देखि ४ सम्मको विधि अपनाउँदा मूल्य कायम गर्न कठिनाई परेको परिस्थितिमा यो विधि अपनाइन्छ । यसमा मूल्य वा उत्पादन लागतका आधारमा भन्सार मूल्य निर्धारण गरिन्छ ।

*यसमा जोडिने खर्चहरु के के हुन् ?*

१)		उत्पादन गर्न लाग्ने सामग्री तथा उत्पादन र प्रशोधन खर्च

२)		उस्तै प्रकारको मालवस्तु निकासी गर्ने मुलुकले पैठारी गर्ने मुलुकमा निकासी का लागि विक्री गर्दा लिने मुनाफा र सामान्य खर्चहरु

३)		ढुवानी खर्च, वीमा, लोडिङ्ग अनलोडिङ्ग र ह्याण्डलिङ्ग खर्च (पैठारी गर्ने मुलुकको ऐन कानूनमा यस्तो खर्च भन्सार मूल्यमा समावेश गर्ने व्यवस्था भएमा मात्र)

*गणना प्रक्रियाको कठिनाईहरु के के हुन् ?*

मालवस्तुको उत्पादनमा लागेको पूर्ण विवरण उत्पादक कम्पनीले उपलब्ध गराउनु पर्दछ । यसलाई पैठारी भएको मुलुकको सम्वन्धित भन्सार अधिकारीले जाँचबुझ गर्नु पर्दछ । उत्पादक अर्कै मुलुकको हुने भएकोले उत्पादक देशले लागत विवरणका सम्बन्धमा वाधा नगरे मात्र यो संभव छ ।

*भन्सार मूल्याङ्कनको मनासिव वा उपयुक्त वा औचित्यपूर्ण विधि भनेको कस्तो विधि हो ?*

१ देखिको ५ सम्मको विधिबाट मूल्य कायम गर्न नसकिएको परिस्थितिमा अन्तिम अस्त्रको रुपमा यसको प्रयोग गरिन्छ । यस विधिमा केही उदारता र लचिलोपना अपनाइन्छ । यस विधिमा भन्सार मूल्याङ्कनका अघिल्ला विधिहरुको कुनै आधार लिन लागिएकोमा त्यस्ता आधार लिंदा मूल्याङ्कन विधिका क्रमवद्धतालाई ख्याल गर्नु पर्दछ ।

*सम्बन्ध भएका व्यक्तिहरु भन्नाले कस्तो सम्बन्ध भएका व्यक्तिहरुलाई लिइन्छ ?*

१)		एक अर्काको व्यवसायमा अधिकृत वा निर्देशक रहेका व्यक्तिहरु

२)		कानूनी रुपले व्यवसायमा साझेदारी भएका व्यक्तिहरु

३)		काममा नियुक्त गर्ने र काम गर्ने

४)		व्यवसायमा कुनै व्यक्तिको ५ प्रतिशत वा सो भन्दा बढी मत वा शेयर भएको व्यक्ति

५)		प्रत्यक्ष वा अप्रत्यक्ष रुपले एउटाले अर्कोलाई नियन्त्रण गर्ने भएमा

६)		दुवै मिली तेश्रो व्यक्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा नियन्त्रण गर्ने भएमा

७)		एकै परिवारका सदस्यहरु भएमा

यहाँ उल्लेख भएको व्यक्ति शब्दावलीले कानूनी व्यक्तिलाई समेत जनाउँदछ ।

*सम्वन्धित व्यक्ति वीच भएको कारोवारलाई कस्तो अवस्थामा मूल्याङ्कनको लागि मान्यता दिइन्छ ?*

१) त्यस्तो सम्बन्धले मूल्यलाई प्रभाव पारेको छैन भने

२) आयातकर्ताले पेश गरेको कारोवार मूल्य पहिले पैठारी भएका समरुप वा उस्तै प्रकारको मालवस्तुहरुको कारोवार मूल्य वा घटाउने वा गणना प्रक्रियाद्धारा मूल्याङ्कन

गरिएको मूल्याङ्कनसंग करीव मिल्दोजुल्दो छ भनी विक्रीकर्ताले प्रमाणित गरेमा ।

*न्यून विजकीकरण अर्थात् विजक मूल्यले कारोवार मूल्यको मान्यता नपाएमा कस्तो कारवाही हुन्छ*

निर्धारण गरिएको मूल्य भन्दा विजक मूल्य घटी भएमा

क) घटी भएजति मूल्यमा पचास प्रतिशत थप भन्सार महसुल लगाई मालवस्तु जाँचपास गर्न सकिन्छ ।

ख) भन्सार विभागका महानिर्देशकको पूर्व स्वीकृति लिई विजक मूल्यमा पाँच प्रतिशत रकम थप गरी पैठारीकर्तालाई भूक्तानी दिने गरी त्यस्तो मालवस्तु भन्सार

कार्यालयले खरिद गर्न सकिन्छ ।

*भन्सार अधिकृतले निर्धारण÷कायम गरेको मूल्यमा चित्त नबुझे के गर्न सकिन्छ ?*

१) पुनरावलोकनको लागि मूल्याङ्कन पुनरावलोकन समिति समक्ष तोकिएको ढाँचामा १५ दिन भित्र निवेदन दिनु पर्दछ ।

२) त्यस्तो निवेदनको प्रतिलिपी निवेदन दिएको सात दिन भित्र सम्वन्धित भन्सार कार्यालयमा समेत बुझाउनु पर्दछ ।

*पुनरावलोकनको लागि प्राप्त निवेदनमा समितिले कहिले सम्म अन्तिम किनारा लगाउनु पर्दछ ?*

९० दिन भित्र किनारा लगाउनु पर्दछ ।

*वस्तु विनिमय अन्तर्गत आयात गरिने मालवस्तुको मूल्याङ्कन विधि के हो ?*

वस्तुको साटो वस्तु नै हुने भएबाट मूल्य मुद्रामा प्रतिविम्वित हुन पनि सक्छ र नहुन पनि सक्छ । मूल्य उल्लेख नहुने भएकोले कारोवार मूल्य विधि अपनाउन सकिने अवस्था रहेन । मालवस्तुको मूल्य मुद्रामा प्रतिविम्वित भएको अवस्थामा पनि वस्तु विनिमय भएको हुँदा मुद्रामा भूक्तानी नै नभएको परिस्थितिमा कारोवार मूल्य विधि नअपनाई अन्य बाँकी मूल्याङ्कनको विधिलाई अनुसरण गरी मूल्य कायम गरिनु पर्ने हुन्छ ।

*मूल्य निर्धारण गर्ने क्रममा लामो समय लाग्ने अवस्थामा भन्सारबाट मालवस्तु छुटाउन के गर्नु पर्दछ ?*

भन्सार अधिकृतले त्यस्तो मालवस्तुको सम्बन्धमा अस्थायी मूल्य कायम गरी दिन सक्ने र सो वस्तुमा लाग्ने महसुल धरौटीमा राखि मालवस्तु छुटाउन पाउने व्यवस्था रहेको छ । अस्थायी मूल्य कायम गरिएको ३० दिन भित्र अन्तिम मूल्य निर्धारण गरिसक्नु पर्दछ ।

### *कारोवार मूल्य वाहेक अन्य विधिबाट गरिएको मूल्याङ्कनका सम्बन्धमा जानकारी पाउने प्रावधान छ छैन ?*

छ । विश्व व्यापार संगठनको मूल्याङ्कन सम्बन्धी सिद्धान्तको प्रतिकूल नहुने गरी कारोवार मूल्य वाहेकको अन्य विधिबाट गरिएको मूल्य कायम सम्बन्धमा सम्वन्धित पैठारीकर्तालाई जानकारी दिनु पर्ने व्यवस्था छ ।

### *भन्सार महसुल तिरी मालवस्तु छुटाई सकेपछि पनि आयातकर्ताले त्यसको अभिलेख राख्न जरुरी छ ?*

जरुरी छ । भन्सार जाँचपास भएका मालवस्तुका सम्बन्धमा भन्सार जाँचपास भएको मितिले ४ वर्ष सम्म पनि भन्सार जाँचपास पछिको परीक्षण हुन सक्ने भएकोले विक्री गरेको भए तत्सम्बन्धी अभिलेख लगायत सम्पूर्ण कागजात अध्यावधिक राख्नु पर्दछ ।

### *भन्सार जाँचपास पछिको परीक्षण भनेको के हो ?*

बैदेशिक व्यापारमा संलग्न व्यापारीले भन्सारमा गरेको मालवस्तुको मूल्य घोषणा लगायत विषयहरुमा सत्य तथ्य के छ भनी निजले राखेको खाता, बही, अभिलेख आदिको जाँच गर्ने कार्य नै भन्सार जाँचपास पछिको परीक्षण हो । मूल्याङ्कनमा हुने घोटाला नियन्त्रण गर्न र यस्ता कुरा पत्ता लगाउने यो प्रभावकारी उपाय पनि हो ।

### *जाँचपास पछिको परीक्षण गर्ने कानूनी आधार के हो ?*

भन्सार ऐन, २०६४ को दफा ३४ ले जाँचपास पछिको परीक्षणको कानूनी व्यवस्था गरेको छ ।

### *जाँचपास पछिको परीक्षण कसले गर्दछ ?*

१) महानिर्देशकले तोकेको अधिकारी

२) भन्सार जाँचपास परीक्षण कार्यालय

३) भन्सार अधिकृत

### *जाँचपास पछिको परीक्षणमा कैफियत देखिन सक्ने संभाव्य कुराहरु के के हुन् ?*

१) घोषणा गरेको भन्दा भिन्न मालवस्तु

२) घोषणा अनुरुप मालवस्तुको घटी परिमाण

३) कायम भएको भन्दा भिन्न मूल्य

### *जाँचपास पछिको परीक्षण मा कैफियत देखिएमा के कस्तो सजाय हुन्छ ?*

मूल्याङ्कन कम भई राजस्व घटी भएको प्रमाणित भएमा त्यस्तो घटी मूल्यको छुट कर महसुल र घटी भए जति मूल्यमा शतप्रतिशत थप महसुल असुल गरी प्रचलित कानून बमोजिम कारवाही हुन्छ ।

### *पुराना मालवस्तु आयात हुँदा भन्सार मूल्यांकन पद्दतिको कुन विधि आकर्षित हुन्छ ?*

पुराना मालवस्तुको मूल्यांकनमा कारोवार मूल्य लागू गर्न मिल्दैन । भन्सार अधिकृतले मनासिव विधि अपनाई यसको मूल्यांकन गर्दछन् ।

*नेपालबाट विदेशमा निकासी गरिने मालवस्तुको भन्सार मूल्यांकन कसरी गरिन्छ ?*

निकासीकर्ताले घोषणा गरेको विजक मूल्यलाई नै भन्सार मूल्य मानी मूल्य निर्धारण गरिन्छ । तर नेपाल सरकारले निकासी हुने मालवस्तुको मूल्य निर्धारण गर्न आवश्यक ठानेमा कुनै मालवस्तुका सम्बन्धमा राजपत्रमा सूचना प्रकाशन गरी मूल्य तोक्न सक्दछ ।

*चोरी निकासी/पैठारी भन्नाले कस्तो कार्यलाई बुझाउँदछ ?*

भन्सार महसुल लाग्ने मालवस्तु भन्सार महसुल नतिरी, लुकाई छिपाई वा बाटो छली वा भन्सार महसुल नलाग्ने मालवस्तु भए पनि भन्सारको प्रक्रिया पूरा नगरी देश वाहिर पठाउने/ल्याउने कार्य हो ।

*भन्सार प्रक्रिया भनेको के हो ?*

भन्सार महसुल लाग्ने वा नलाग्ने सवै प्रकारका निकासी/पैठारी हुने मालवस्तुको घोषणा गर्नु पर्दछ । यसका लागि भन्सार प्रज्ञापनपत्रमा विवरणहरु भर्नु पर्ने हुन्छ । मालवस्तुको जाँच पश्चात महसुल लाग्ने जतिमा महसुल लगाई, नलाग्नेमा सोही अनुसार प्रज्ञापनपत्रमा जनाई मालवस्तु जाँचपास हुन्छ । यसैलाई भन्सार प्रक्रिया भनिएको हो ।

*चोरी निकासी/पैठारी गरेमा के कस्तो सजाँय हुन्छ ?*

चोरी निकासी/पैठारी गरेको प्रमाणित भएमा त्यस्तो मालवस्तु जफत गरी त्यस्तो कार्य गर्ने व्यक्तिलाई मालवस्तुको विगो (मूल्य) बमोजिम जरिवाना वा कैद वा दुवै सजाय समेत हुन सक्छ ।

*विगो र कैदको परिमाण के छ ?*

१) पच्चीस हजार देखि एक लाख रुपैयासम्मको विगोमा दुई महिनासम्म कैद

२) एक लाख देखि बढीमा पाँचलाख रुपैया सम्मको विगोमा दुई महिना देखि छ महिना सम्म कैद

३) पाँचलाख भन्दा बढी पच्चीस लाख रुपैयासम्मको विगोमा चार महिना देखि एक वर्षसम्म कैद सजाँय

४) पच्चीस लाख भन्दा बढी पचास लाख रुपैयासम्मको विगोमा आठ महिना देखि दुई वर्ष सम्म कैद

५) पचास लाख भन्दा बढी एक करोड रुपैयासम्मको विगोमा एक वर्ष देखि तीन वर्षसम्म कैद

६) एक करोड रुपैया भन्दा बढी विगोमा दुई वर्ष देखि पाँच वर्ष सम्म कैद ।

*चोरी निकासी/पैठारीमा मालवस्तु ढुवानी गर्ने सवारी/ढुवानी साधनको मालिक एवं सवारी चालकलाई सजाँयको के व्यवस्था छ ?*

त्यस्तो मालवस्तु ढुवानी गर्न प्रयोग भएको ढुवानी/सवारी साधन जफत हुन्छ । यदि त्यस्तो कार्य सो सवारी/ढुवानी साधनको धनीको सहमति वा जानकारीमा प्रयोग भएको रहेछ भने निजलाई एक वर्ष सम्म कैद सजाँय हुन्छ तर सवारी/ढुवानी साधनको मालिकको जानकारी/सहमति विना चालकले जानाजानी प्रयोग गरेको रहेछ भने त्यस्तो चालकलाई पाँच हजार रुपैयासम्म जरिवाना वा एक वर्ष कैद वा दुवै सजाँय हुन सक्ने व्यवस्था छ ।

*चोरी निकासी/पैठारीका कार्यमा मद्दत गर्ने वा उक्साउने व्यक्तिलाई के कस्तो सजाँय हुन्छ ?*

चोरी निकासी/पैठारी कार्यमा मद्दत गर्ने वा दुरुत्साहन गर्ने व्यक्तिलाई पनि कसूरदारलाई सरह सजाँय हुने व्यवस्था छ ।

*कसैले चोरी पैठारी गरिएको मालवस्तु लुकाएमा/राखेमा के कस्तो सजाँय हुन्छ ?*

त्यस्तो मालवस्तु जफत गरी सम्बन्धित व्यक्तिलाई दश हजार रुपैयासम्म जरिवाना हुन सक्ने व्यवस्था छ ।

*कुनै निकासीकर्ता/पैठारीकर्ता/भन्सार एजेन्टले मालवस्तुको घोषणा सही गरेपनि परिमाण घटी गरी घोषणा गरेमा के सजाँय हुन्छ ?*

परिमाण घटी घोषणा गरिए जति मालवस्तुको मूल्यको शतप्रतिशत जरिवाना गरी लाग्ने महसुल लिई त्यस्तो मालवस्तु जाँचपास गर्न सकिने व्यवस्था छ ।

*मालवस्तु घोषणा सही भएपनि उत्पत्तिको मुलुक फरक पारेको खण्डमा के हुन्छ ?*

त्यस्तो मालवस्तुमा लाग्ने महसुलको २५ प्रतिशत रकम जरिवाना गरिन्छ र लाग्ने महसुल लिई मालवस्तु जाँचपास गरिन्छ ।

*मालवस्तुको वास्तविक परिमाण भन्दा बढी परिमाण घोषणा गरेमा के हुन्छ ?*

बढी घोषणा गरिए जति मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना हुन्छ र सोही व्यहोरा प्रज्ञापनपत्रमा उल्लेख गरि जाँचपास गरिन्छ ।

*मालवस्तुको नाम, प्रकृति, भौतिक विशेषता, चारित्रिक गुण, नाप, आकार र गुणस्तर मध्ये सवै वा कुनै विवरण फरक पारि घोषणा गरेकोमा के हुन्छ ?*

त्यस्तो मालवस्तु जफत गरी विगो बमोजिमको जरिवाना हुन्छ ।

*कुनै मालवस्तु घोषणा नै नगरेको अवस्थामा के हुन्छ ?*

घोषणा नै नगरेको मालवस्तुको मूल्य वरावर जरिवाना हुन्छ र त्यस्तो मालवस्तु जफत पनि गर्न सकिने वा मालवस्तुको मूल्यको दुई सय प्रतिशत जरिवाना गरी लाग्ने महसुल असुल गरी मालवस्तु जाँचपास गर्न सकिने व्यवस्था छ ।

*कसैले भन्सार कार्यालमा जालसाजी, किर्ते वा नक्कली कागजात पेश गरी महसुल वा राजश्वमा हानी नोक्सानी पुर्‍याएमा वा पुर्‍याउने कोशिश गरेमा कस्तो सजाँय हुन्छ ?*

त्यसरी हानी नोक्सानी पुर्‍याएको वा पुर्‍याउने प्रयत्न गरेको महसुल वा राजश्व रकमको दुई सय प्रतिशत जरिवाना वा छ महिना देखि एक वर्षसम्म कैद वा दुवै सजाँय हुन्छ र सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउनु पर्ने प्रावधान छ ।

*मालवस्तु धनी वा निजको एजेन्टले भन्सार गोदाममा रहेको मालवस्तु चोरी गर्ने वा मालवस्तुमा नोक्सानी पुर्‍याउने मनसायले खोलेमा कस्तो कारवाही हुन्छ ?*

त्यस्तो प्रकारको कार्य गरेमा भन्सार अधिकृतले त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैया सम्म जरिवाना गर्न सक्ने अधिकार छ ।

*भन्सार कार्यालयको स्वीकृति वेगर गोदाममा रहेको मालवस्तु/सामान हटाएमा वा लगेमा के कारवाही हुन्छ ?*

यस्तोमा विगो बमोजिम जरिवाना र छ महिनासम्म कैद वा दुवै सजाँय गर्न सक्ने भन्सार अधिकृतलाई अधिकार रहेको छ ।

*भन्सार कार्यालयको कार्य संपादनमा प्रयोग गरिएको लिखत, छाप, लाहा वा सील छाप, दस्तखत, अरु कुनै चिन्ह वा संकेत किर्ते गरेमा वा वदलेमा वा नष्ट गरेमा के कस्तो कारवाही हुन्छ ?*

त्यस्तो व्यक्तिलाई पाँच हजार रुपैयासम्म जरिवाना वा एक वर्षसम्म कैद वा दुवै सजाँय हुने व्यवस्था छ । सरकारी कागजात किर्ते गरेकोमा प्रचलित कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकाय वा अधिकारी समक्ष पठाउनु पर्ने कानूनी व्यवस्था छ ।

*भन्सार गोदाममा रहेका मालवस्तु जिम्मा रहेको कर्मचारी वा व्यक्तिले लापरवाहीपूर्वक हराएमा वा जानाजानी नोक्सानी गरेमा के कस्तो कारवाहीको व्यवस्था छ ?*

त्यस्तो कर्मचारी/व्यक्तिबाट मालवस्तुको मूल्य र लाग्ने महसुल असुल गरी पाँच हजार रुपैयासम्म जरिवाना हुने व्यवस्था छ ।

*अनधिकृत कर्मचारीले भन्सार गोदाममा रहेको मालवस्तु हटाएमा वा हटाउने आदेश दिएमा के कस्तो कारवाही हुन्छ ?*

भन्सार अधिकृतले त्यस्तो कर्मचारीलाई पाँच हजार रुपैयासम्म जरिवाना वा दुई वर्षसम्म कैद वा दुवै सजाँय गर्न सक्ने व्यवस्था छ ।

*भन्सार जाँचपास पछिको पुनरावलोकन गर्दा मालवस्तुको धनीले नक्कली विल विजक वा कागजात पेश गरेको कारण भन्सार महसुल फरक पर्न गएको अवस्थामा के कारवाही हुन्छ ?*

भन्सार कार्यालयबाट छुटाई लगेको त्यस्तो मालवस्तुको विगोको दुई सय प्रतिशत जरिवाना वा एक वर्ष सम्म कैद वा दुवै सजाँय हुन सक्छ ।

*भन्सार अधिकृतलाई दण्ड जरिवाना गर्न सक्ने त्यस्तो कुनै विशिष्ट अधिकार छ ?*

छ । भन्सार ऐन २०६४ को दफा ५७ मा भएको दण्ड सजाँय सम्बन्धी व्यवस्था वाहेक भन्सार ऐन र ऐन अन्तर्गत बनेको नियम विपरित कसैले कार्य गरेमा निजलाई पाँच हजार रुपैयासम्म जरिवाना गर्न सक्ने कानूनी अधिकार छ ।

*भन्सार ऐन र नियमले दिएको अधिकार प्रयोग गर्दा कसैले जानाजानी भन्सार अधिकृत/कर्मचारीलाई वाधा अवरोध पुर्‍याएमा के कस्तो कारवाही हुन्छ ?*

त्यस्तो व्यक्ति सरकारी कर्मचारी भएमा पाँच हजार रुपैयासम्म जरिवाना वा एक वर्ष कैद वा दुवै सजाय हुन सक्छ भने अन्य व्यक्ति भए छ महिनासम्म कैद वा एक हजार रुपैयासम्म जरिवाना वा दुवै सजाँय हुन सक्छ ।

### *भन्सार ऐन, नियममा उल्लेख भएको दण्ड सजाँय वाहेक अन्य ऐन नियम यस सम्बन्धमा आकृष्ट हुन्छ वा हुदैन ?*

हुन्छ । भन्सार ऐन, नियम अन्तर्गतको कुनै कसूर वा कार्य प्रचलित कानून बमोजिम दण्डनीय हुने रहेछ भने त्यस्तो कानून बमोजिम समेत कारवाही र सजाँय हुने कानूनी व्यवस्था गरिएको छ ।

### *मालवस्तुको भन्सार जाँचपास गर्दा प्रयोगशाला परीक्षण गराउनु पर्छ पर्दैन ? पर्छ भने के कस्तो मालवस्तु परीक्षण गराउनु पर्दछ ?*

पर्दछ । प्रयोगशाला परीक्षण गराउनु पर्ने वस्तुहरुमाः

१) खाद्य वस्तुहरु

२) भन्सार कार्यालयलाई मूल्याङ्कन वा वर्गीकरणको सन्दर्भमा पहिचान गर्न द्धिविधा परेका रासायनिक पदार्थहरु

३) भन्सार कार्यालयले गुणस्तरको परीक्षण गर्नु पर्ने मालवस्तुहरु

४) औषधीको कच्चा पदार्थ

### *परीक्षणबाट गुणस्तरको नदेखिएमा के कस्तो कारवाही हुन्छ ?*

प्रयोगशाला परीक्षणबाट गुणस्तरहिन वा कम गुणस्तरको भन्ने प्रमाणित भएमा पैठारीकर्ताले त्यस्तो मालवस्तुको विदेशी मुद्रा फिर्ता ल्याउने शर्तमा भन्सार विभागको स्वीकृति लिई निकासीकर्तालाई त्यस्तो माल एक महिनाभित्र फिर्ता पठाउन सक्दछ । यसरी फिर्ता नपठाएमा पैठारीकर्ता कै खर्चमा सो मालवस्तु नष्ट गरिन्छ । यस्तो अवस्थामा भन्सार महसुल बुझाउनु पर्दैन ।

### *विदेशी मुद्रा फिर्ता नल्याएमा के हुन्छ ?*

तोकिएको अवधिमा विदेशी मुद्रा फिर्ता नल्याएमा विदेशी मुद्रा अपचलनमा प्रचलित कानून बमोजिम कारवाही हुन्छ ।

### *के भन्सार विभागको आफ्नै प्रयोगशाला छ ?*

छ । उक्त प्रयोगशाला भन्सार विभाग, त्रिपुरेश्वरमा रहेको छ ।

### *भन्सार विभागको प्रयोगशालाबाट के कस्ता मालवस्तुहरुको परीक्षण हुन्छ ?*

ती वस्तुहरु हुन्ः

१) फर्मास्यूटिकल कच्चा पदार्थहरु

२) एडिटिभ्स

३) रंगहरु

४) डाइज

५) अर्गानिक सोलभेन्ट

६) औद्योगिक कच्चा पदार्थहरु (रासायनिक प्रकारका)

७) अलकोहोलिक र नन अलकोहोलिक वेभरेज

८)　खाद्य र अखाद्य तेलहरु

९)　फ्याट्स

१०)　पेट्रोलियम प्रोडक्ट्स

११)　खाद्य वस्तुहरु

१२)　पोलिमर्स

१३)　चियापत्ती

१४)　पानीमा मिसाएर पिउने पेय पदार्थहरु

१५)　वानस्पतिक सार

१६)　सुगन्धित तेल आदि

## *परीक्षण गराउनु पर्ने वस्तु के विभागकै प्रयोगशालाबाट परीक्षण गराउनु पर्दछ?*

१)　कुनै मालवस्तुको हकमा तोकिएको भए तोकिएको प्रयोगशालाबाट

२)　अन्य अवस्थामा भन्सार विभागको प्रयोगशालाबाट वा मान्यता प्राप्त प्रयोगशालाबाट परीक्षण गराउनु पर्दछ।

यस विषयमा सम्बन्धित भन्सार कार्यालयले पठाउन सक्ने व्यवस्था छ।

## *प्रयोगशाला परीक्षण गराउन कुनै शुल्क लाग्छ लाग्दैन?*

परीक्षणको लागि शुल्क तोकिएको भए त्यस्तो शुल्क पैठारीकर्ताले नै बुझाउनु पर्दछ। तर भन्सार विभागको प्रयोगशालामा भने परीक्षण शुल्क लाग्दैन।